जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

सवारी साधनमा अनावश्यक भीडभाड नगरौं ।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ • अंक १८६ • २०७९ साल मंसिर १५ गते विहीबार (1 December, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लोकतान्त्रिक शक्तिसित गठबन्धनको पक्षमा डा.राउत

**टुडे समाचारदाता**

काठमाण्डु ।निर्वाचन सम्पन्न भएसँगै सरकार गठन सन्दर्भमा गठबन्धन निर्माणका लागि सुरु भएको संवादमा पहिलो पटक प्रतिनिधिसभामा प्रवेश पाएका जनमत पार्टीका अध्यक्ष डा.सीके राउत पनि सहभागी भएका छन् ।

जनकपुर टुडेसितको संक्षिप्त कुराकानीमा डा.राउतले भने, सरकारमा सहभागिता मात्र प्राथमिकता रहेको छैन् ।'जनमत पार्टीको एजेण्डालाई सम्बोधन गर्ने गठबन्धनमा रहने प्रयास हुनेछ' उनले भने, मधेशको मुद्दा, विभेद लगायतका समस्या समाधान गर्ने विश्वसनीय आधार बनाउने गठबन्धनलाई प्राथमिकतामा राख्ने छौ ।

डा.राउत सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा निर्वाचित भएपछि पहिलो पटक काठमाण्डु आएका हुन् ।

'सरकार गठनको सम्बन्धमा अहिले कुनै दलहरुसित संवाद सुरु भएको छैन्' उनले भने, एक/दुई दिन भित्र नै छलफल हुनेछ ।कुन दलसित गठबन्धन हुने विषयमा पार्टीले धारणा बनाइ नसकेको उल्लेखगर्दै मुद्दालाई सम्बोधन गर्ने पक्कापक्की गर्नेहरुसित सहकार्य हुन सक्ने बताए ।



जनमत पार्टीका अध्यक्ष सि.के.राउत र नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि । *तस्वीरः टुडे*

सरकारमा सहभागी हुने उनको चाहना रहेको छ ।सरकारको विषयमा गठबन्धनहरुसित छलफल भएपछि मात्र टुंगो लाग्ने डा.राउतले जनाए ।'संघीय सरकारबारे निर्णय भएपछि मात्र प्रदेशमा सरकार गठनका लागि गठबन्धन हुनेछ' उनले भने, तर सरकारमा जानु मात्र आफ्नो प्राथमिकता होइन् ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिसित भएको संवादको विषयमा नेता राउतले भने, विमानस्थलमा भेटभएपछि उहाँले घरमा चियाका लागि निम्तो गर्नुभएको थियो ।नेता निधि र राउतबीच बुधवार करिब १ घण्टा भेटवार्ता भएको थियो ।

भेटको क्रममा संघीय र प्रदेश सरकारमा कांग्रेस नेतृत्वको गठबन्धनमा सहभागी हुन निधिले आग्रह गरेको बताइएको छ ।डा.राउतले सकारात्मक रहेको बताए पनि निर्णयमा पुगिनसकेको बताए ।

सत्तारुढ पाँच दलीय गठबन्धनमा डा.राउतको इन्ट्रि भए मधेश प्रदेशमा एमाले र जनता समाजवादी पार्टी(जसपा)रहित सरकार गठन हुनेछ ।प्रदेशमा नेकपा एमाले सबै भन्दा ठूला दल रहे पनि सरकार गठनका लागि जसपा र जनमतको सहयोग अनिवार्य छ ।

# ऋणभारको कारण व्यवसायीद्वारा आत्महत्या

- गोलबजार बन्द
- व्यापारीहरु स्तब्ध
- प्रहरी अनुसन्धानमा

**टुडे समाचारदाता**

गोलबजार (सिरहा)। सिरहा जिल्लाको गोलबजारको व्यवसायिक कारोबार बुधवार व्यापारीहरुले बन्द गरेका छन् । गोलबजार नगरपालिकाको वडा नम्बर -४ मा हार्डवेयरको व्यवसाय गर्ने एकजना व्यवसायीले ऋणभारको दबाब खप्न नसकी आत्महत्या गरेको बताइएको छ ।

सिरहा लहानपछिको ठूलो बजार मानिने गोलबजारका युवा व्यवसायी पप्पु महासेठले बैंकको ऋणको ताकेतालाई सहन गर्न नसकी आत्महत्या गरेको स्थानीय व्यवसायीहरुले जनाएका छन् ।

गोलबजार नपा-४ मा रहेको राजदेवी इन्टरप्राइजेजका संचालक पप्पु महासेठले ऋणभारको बढदो चाप र बैंकहरुको कडा ताकेताको कारण आत्महत्या गरेको उद्योग व्यापार संघ गोलबजारका महासचिव राकेश गुप्ताले जनाए ।

'क्षमतावान युवा व्यवसायी महासेठ सामान्य कारणबाट आत्महत्या गर्न सक्ने थिएनन्' गुप्ताले भने, उनको निधनबाट सम्पूर्ण व्यवसायीहरु स्तब्ध छन् ।टायल्स , मार्वल लगायत हार्डवेयरका व्यवसायी महासेठले पूर्व मन्त्री समेत रहेका नवनिर्वाचित प्रदेश सभासदस्य अनिरुद्ध सिंह कोइरीको निवाससँगै रहेको गोदाम घरमा झुण्डिएर आत्महत्या गरेको प्रहरीले जनाएको छ ।



मृतक पप्पु महासेठ । *तस्वीर : फायल*

महासेठको असामायिक निधनले गोलबजारका सम्पूर्ण व्यापारी आज दिनभरि आ-आफ्नो पसल बन्द गरेर शोक मनाउने बताएका छन। उनले भने, बैंकको ब्याजदर दोब्बर भएको हुनाले बैंकको प्रेसर र व्यक्तिगत प्रेसर झेल्न नसकेको कारण महासेठले आत्महत्या गरेको गुप्ताले बताएका छन ।

'बैंकको बढदो ब्याजदर सहितको ऋणभारलाई उद्योगी व्यवसायीहरुले धान्न सक्ने अवस्था छैन्' गुप्ताले भने, बैंकहरुलाई ब्याज घटाउन देशैभरिका उद्योगी व्यवसायीहरुले विरोधगर्दै सडकमा उत्रेका थिए ।तर बैंक सञ्चालक र सरकारले त्यसलाई गंभीरतापूर्वक नलिएको आरोप गुप्ताले लगाए ।

> **'मध्यमवर्गीय प्रतिष्ठित व्यवसायीहरुका लागि बैंकको ऋण, ब्याज सर्वाधिक तनावको कारण बनेको छ 'गुप्ताले भने, सरकार र बैंक सञ्चालकहरुले समयमै ध्यान नदिए उद्योग, व्यवसायको क्षेत्रमा गंभीर समस्या आउन सक्छ ।**

व्यवसायप्रति पूर्णरुपमा समर्पित महासेठको कारोबारमा केही महिनादेखि कमी आएको स्थानीयहरुको कथन छ ।

बैंकहरुले निरन्तर बढाइरहेको ब्याजदर, व्यवसायमा मन्दी, उधारो असुलीमा समस्या लगायतले उद्योगी व्यवसायीहरु भारी दबाबमा रहेका छन् ।व्यवसायमा पुँजी लगाउनु पर्ने तर बैंकले ब्याज र किस्ता बुझाउन पसलमै गएर दबाब दिने गरेका छन् । 'मध्यमवर्गीय प्रतिष्ठित व्यवसायीहरुका लागि बैंकको ऋण, ब्याज सर्वाधिक तनावको कारण बनेको छ 'गुप्ताले भने, सरकार र बैंक सञ्चालकहरुले समयमै ध्यान नदिए उद्योग, व्यवसायको क्षेत्रमा गंभीर समस्या आउन सक्छ ।

आत्महत्या भएको घटनास्थलमा कुनै 'सुसाइड नोट' फेला नपरेको गोलबजार इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक (डीएसपी )राजु केसीले बताए । 'महासेठले आत्महत्या नै गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ' डीएसपी केसीले भने, पोष्टमार्टमको रिर्पोट आएपछि विभिन्न कोणहरुबाट अनुसन्धान थालिने छ। आत्महत्याको कारणबारे अहिले नै यकिन गर्न नसकिने डीएसपी केसीले बताए ।

१० वर्षदेखि व्यवसायमा लागेका महासेठको ५ वर्षीया एकजना छोरी र ३ वर्षीय एकजना छोरा रहेका छन् । उनले ७ वर्ष अगाडि विवाह गरेका थिए ।

स्थानीय बासिन्दाहरुका अनुसार महासेठको मृत्युको कारण 'प्रेम'पनि हुन सक्छ । युवतीसितको प्रेमको कारण महासेठको परिवारमा केही दिनदेखि तनाव रहेको समेत बताइएको छ ।प्रहरीले यस कोणबाट पनि अनुसन्धान थालिएको जनाएको छ ।यद्यपि महासेठकी प्रेमिका भनिएकी महिलाको बारेमा कुनै खुलासा हुन सकेको छैन् ।आधिकारिक रुपमा उनको परिवार अथवा प्रहरीले आत्महत्याको कारण महिला भएको पुष्टि गरेको छैन् ।महासेठको कल डिटेल र उनको पछिल्ला दिनहरुमा हुने भेंटघाटको क्रमलाई समेत अनुसन्धानको पाटो बनाइएको डीएसपी केसीले जनाए ।

बैंकको ऋणभारको विषयमा व्यवसायीहरुले जनाए पनि प्रेमप्रसंगको विषयमा उनीहरुले अनभिज्ञता प्रकट गरेका छन् ।प्रहरीका अनुसार घटनामा महिलाको संलग्नता देखिए कारबाहीको दायरामा ल्याइनेछ ।



# काम अलपत्र पार्ने बाह्र ठेकेदार कम्पनी कालोसूचीमा

काठमाण्डु । विकास तथा पूर्वाधार निर्माणका काम अलपत्र पार्ने र समयमा कार्य सम्पन्न नगर्ने १२ वटा कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ ।

वुधवार एक सूचना प्रकाशित गर्दै खरिद अनुगमन कार्यालयले ती कम्पनीहरूलाई निश्चित समयका लागि कुनै पनि सार्वजनिक निकायको खरिद कार्यमा संलग्न हुन नपाउने गरी प्रतिबन्ध लगाएको हो ।



खरिद अनुगमन कार्यालयका अनुसार होमनाथ गौतम मुख्य सञ्चालक रहेको भारत-सप्तकोसी जेभी काठमाडौँलाई साढे दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालय बुटवलले यो ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्नका लागि सिफारिस गरेको थियो ।

रानीजमरा-कुलरिया सिँचाइ आयोजनाको काममा ढिलाइ गर्ने हाइग्रिवा/सिद्धि साँई प्रकाश जेभीलाई पनि दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक देपेन्द्रबहादुर शाही र नरेन्द्र प्रधान रहनुभएको छ ।

त्यस्तै, हेटौँडा महानगरपालिकाको सिफारिसमा भरतपुर चितवनको हाइवे कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राखिएको छ । नारायण सुवेदी मुख्य सञ्चालक भएको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ ।

शहीद गङ्गालाल हृदय केन्द्र बाँसबारीको सिफारिसमा काठमाडौँको विधि बिल्डर्स प्रालि पनि कालोसूचीमा परेको छ । विप्लव पोखेल सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको हो ।

खलङ्गा जाजरकोटको साइबाबा एन्ड तारा कन्स्ट्रक्सन एक वर्षका लागि कालोसूचीमा परेको छ । सञ्जयाकुमारी राना (शाह) सञ्चालक रहेको यो कम्पनीलाई कालोसूचीमा राख्न टोखा नगरपालिकाले सिफारिस गरेको थियो ।

त्यस्तै, नेपाल कृषि अनुसन्धान परिषद्को सिफारिसमा जुम्लाको अनुकूल निर्माण सेवालाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीको सञ्चालक तिलबहादुर भण्डारी रहनुभएको छ ।

काठमाडौँको नयाँ बानेश्वरमा कार्यालय रहेको पाँचखाल कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राख्न पर्यटन विकास आयोजना हेटौँडाले सिफारिस गरेको थियो । प्रेमप्रसाद अधिकारी सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

गुर्भाकोट नगरपालिका-४ सुर्खेतमा रहेको प्रभु निर्माण सेवालाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ । रेशमबहादुर शाह सञ्चालक रहेको यो कम्पनीलाई कालोसूचीमा राख्न खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय सुर्खेतले सिफारिस गरेको थियो ।

उत्तरगया गाउँपालिका, रसुवाको सिफारिसमा सिद्धिजनक कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक सिद्धिबाबु रेग्मी रहनुभएको छ ।

कपिलवस्तु नगरपालिकाको सिफारिसमा रुपन्देहीको एसएसके निर्माण सेवा प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक सफीउर्रहमान अन्सारी रहनुभएको छ ।

त्यसैगरी, कृषि विकास निर्देशनालय डोटीको सिफारिसमा कैलालीको सुर्मादेवी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीको मुख्य सञ्चालक मीनाकुमारी शर्मा कोइराला हुनुहुन्छ ।

सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहको सिफारिसमा नीलगिरि/नेसनल/क्यानोन जेभीलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ । नीलगिरि निर्माण सेवा प्रालिका सञ्चालक युवराज डाँगी, नेसनल डेभलपमेन्ट सेवा प्रालिका सञ्चालक धनकुमार थापा र क्यानोन कन्स्ट्रक्सन प्रालिका सञ्चालक गौरव पुडासैनी रहनुभएको छ । यी तीनवटै कम्पनी एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

कालोसूचीमा राखिएको अवधिभर यी कम्पनीले सार्वजनिक निकायको खरिद कार्यमा सहभागी हुन पाउनेछैनन् ।रासस

# 'एपकम कम्युनिटी अली हिरो अवार्ड २०२२' बाट सिटौला सम्मानित

काठमाण्डु । नेपाल परिवार नियोजन सङ्घकी पैरवी अधिकृत जमुना सिटौला 'एपकम कम्युनिटी अली हिरो अवार्ड २०२२'बाट सम्मानित हुनुभएको छ ।



एपकम एसिया प्यासिफिक क्षेत्रमा लैङ्गिक समानता, एचआइभी तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकारका क्षेत्रमा कार्यरत थाइल्यान्डस्थित अन्तर्राष्ट्रिय संस्था हो ।

यौन तथा प्रजनन, लैङ्गिक समानता, सुरक्षित गर्भपतन सेवा, बृहत् यौनिकता शिक्षामा सबैको पहुँच, एचआइभी तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सेवा र अधिकारका क्षेत्रमा लामो समयदेखि पैरवी अभियानमा आबद्ध भई सेवा पुऱ्याएबापत उहाँलाई सो अन्तर्राष्ट्रिय सम्मान प्रदान गरिएको हो । उहाँ सङ्घमा दुई शतकभन्दा बढीदेखि कार्यरत हुनुहुन्छ ।

एपकमले सो सम्मान छ वर्षदेखि निरन्तर विभिन्न विधामा प्रदान गर्दै आइरहेको छ । यस वर्ष सो संस्थाले नेपालबाट सङ्घले समुदाय तथा राष्ट्रिय स्तरमा गरेको पैरवीको मूल्याङ्कन गर्दै यो सम्मान गरिएको जनाएको छ ।

सङ्घका ८८ प्रतिशत सेवाग्राही सीमान्तकृत र जोखिम समुदायका रहेको र सो समुदायको सेवा र अधिकारको सुनिश्चितताका लागि सङ्घले निरन्तर पैरवी गरिरहेको छ ।

सङ्घले पछिल्लो समय यौनिक अल्पसङ्ख्यकहरूका लागि देशमै पहिलो पटक गैरसरकारी निकायबाट हर्मोनल थेरापी तथा लेजर सेवा सञ्चालन गर्दै आएको छ । साथै बृहत् यौनिकता शिक्षा र सुरक्षित गर्भपतन सेवामा नीतिगत सुधार गर्न सफल साथै वैवाहिक समानतामा पैरवीको सुरुआत गर्दै सोको नीतिपत्र निर्माण गरी नीतिगत सुधार गर्न पनि पैरवी गर्दै आइरहेको छ । यसैलाई एपकमले मूल्याङ्कनको मुख्य आधारहरू बनाएको जनाएको छ ।

यस वर्ष सो सम्मानबाट पाकिस्तान, भूटान, श्रीलङ्का, थाइल्यान्ड, हङकङ, फिलिपिन्स, भियतनाम, मलेसियालगायत देशका विभिन्न व्यक्ति पनि सम्मानित हुनुभएको एपकमले जनाएको छ ।

सङ्घले अन्तर्राष्ट्रिय प्रतिष्ठित सो सम्मान प्राप्त गरेकामा पैरवी अधिकृत सिटौलाई बधाई एवं सम्मान अर्पण गर्ने संस्थालाई धन्यवादसमेत दिएको छ ।रासस

# समानुपातिकमा एमालेलाई २७ लाख मत

काठमाण्डु ।।प्रतिनिधिसभाको समानुपातिकतर्फको मतगणना जारी छ । बुधबार साँझ ६ बजेसम्मको तथ्याङ्कअनुसार समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता छ । हालसम्मको एक करोड एक लाख ७१ हजार दुई सय ७३ सदर मतमध्ये एमालेले २७ लाख २० हजार छ सय ३९ मत प्राप्त गरेको छ ।



नेपाली कांग्रेसले २५ लाख ८५ हजार ९०, नेकपा (माओवादी केन्द्र)ले ११ लाख ५३ हजार चार सय ४३, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख चार हजार दुई सय ४५, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ७९ हजार दुई सय ७५, जनता समाजवादी पार्टीले चार लाख आठ हजार नौ सय ६४, जनमत पार्टीले तीन लाख ७६ हजार एक सय ९९, नेकपा (एकीकृत समाजवादी) ले दुई लाख ९० हजार एक सय ९६ र नागरिक उन्मुक्ति पार्टीले दुई लाख ६८ हजार चार सय ३६ मत प्राप्त गरेका छन् ।

प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश नं १ मा एमालेले छ लाख २९ हजार आठ सय ८५, कांग्रेसले पाँच लाख २ ९ हजार आठ सय ९६, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ९० हजार छ सय चार, माओवादी केन्द्रले एक लाख ७७ हजार दुई सय ६१ मत प्राप्त गरेको छ ।

मधेसमा कांग्रेसले तीन लाख ८६ हजार दुई सय ९३, एमालेले तीन लाख ४३ हजार सात सय २८, जनमत पार्टीले तीन लाख सात हजार तीन सय ५०, जसपा नेपालले दुई लाख ८७ हजार आठ सय ४६, माओवादी केन्द्रले एक लाख ७८ हजार नौ सय ३६, एकीकृत समाजवादीले एक लाख १२ हजार दुई सय ६४ र लोसपा नेपालले एक लाख १० हजार आठ सय ५२ मत प्राप्त गरेको छ । बागमतीमा एमालेले पाँच लाख ५४ हजार एक सय, कांग्रेसले चार लाख ६३ हजार एक सय ३८, माओवादी केन्द्रले दुई लाख ६९ हजार दुई सय १५ र राप्रपाले दुई लाख ६६ हजार पाँच सय २४, गण्डकी प्रदेशमा एमालेले तीन लाख ४० हजार पाँच सय ३३, कांग्रेसले तीन लाख १७ हजार पाँच सय ९६ र माओवादी केन्द्रले एक लाख १५ हजार तीन सय ६६ मत प्राप्त गरेको छ ।

लुम्बिनीमा एमालेले पाँच लाख ७० हजार नौ सय २१, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादीले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२ र नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१, कर्णालीमा एमालेले एक लाख ८३ हजार नौ सय ५०, कांग्रेसले एक लाख ७० हजार सात सय ५६ र माओवादीले एक लाख ३७ हजार छ सय २९ तथा सुदूरपश्चिममा एमालेले दुई लाख ४८ हजार आठ सय ४०, कांग्रेसले दुई लाख ४३ हजार २९ र माओवादी केन्द्रले एक लाख १८ हजार नौ सय तीन मत प्राप्त गरेका छन् ।रासस

# निटफेस्टमा श्रीलङ्का र भारतको नाटकको मञ्चन हुँदै

काठमाण्डु । यही मङ्सिर ९ गतेदेखि चलिरहेको 'नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०७९ (निटफेस्ट २०२२)' मा आज भारत र श्रीलङ्काका दुई नाटक, नाटकको पुस्तक विमोचन र साङ्गितिक प्रस्तुति हुँदैछ । इटालीको नाटक इभान हास्टिङ निर्देशित नाटक 'स्याडो लिवेरेसन'को मञ्चन हुँदैछ ।



छायाँ नाटक र कचहरि नाटकको मिश्रितशैलीमा तयार पारिएको सहभागितामूलक यस नाटकमा यौन उत्पीडनको रोकथामको सन्दर्भलाई विषय बनाइएको छ । नाटकले आघातबारे अन्तर्क्रियामा आधारित अभ्यासको उपयोग गर्दै छाँया माध्यमद्वारा नाट्य थेरापीको प्रयाससमेत गर्दछ ।

श्रीलङ्काको नाटक 'राजा मन वहला' मञ्चन हुँदैछ । 'राजा म दास हुँ' भन्ने अर्थ लाग्ने नाटकमा एक दास, राजा, राजकुमार अनि प्रेमथिका नाम गरेको एउटा होनहार केटा नाटकमा एक दास, राजा, राजकुमार अनि प्रेमथिका नाम गरेको एउटा केटाले तीन फरक कथा सुनाउँछन् । पात्रहरूले आफ्नो नियतिको पर्दाफास गर्छन् र अन्त्यमा दर्शकहरूले यी तीनमध्ये श्रेष्ठ नायक को थियो भनेर छान्नुपर्नेछ ।

'नाटकमा शब्दको आकृतिः कस्तो देखिन्छ, कस्तो लेखिन्छ ?' शीर्षकमा प्यानल डिसकसन समेत आज हुनेछ । त्यहाँ साहित्यकार नयनराज पाण्डे, उपेन्द्र सुब्बा, रङ्गकर्मी विमल सुवेदी, दिया मास्केसँग र लेखक, पत्रकार बसन्त बस्नेतले वार्ता गर्नेछन् । 'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः विविधताको उत्सव' भन्ने नारामा साथ भइरहेको महोत्सवमा छैटौँ दिनको अन्तिम कार्यक्रममा कलाकार हुम विसी र माधव त्रिपाठीले नेपाली लोकबाजाको साङ्गितिक प्रस्तुति दिनेछन् ।

मङ्सिर १७ गतेसम्म चल्ने महोत्सवमा नेपालसहित भारत, भुटान, श्रीलङ्का, रुस, इटाली, स्पेन, बेलायत, बेलारुस, इजिप्ट, संयुक्त राज्य अमेरिका, उरुग्वे र अर्जेन्टिनाका नाटक समावेश छन् । महोत्सवमा १८ नाटकका २५ मञ्चन तथा, अन्तर्क्रिया कार्यक्रम, कार्यशाला, सेमिनार हुँदैछ ।रासस

# माओवादी अध्यक्ष दाहाल सुकुटेमा

सिन्धुपाल्चोक । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सिन्धुपाल्चोकको सुकुटे आउनुभएको छ ।

पार्टीको दस्तावेज लेखन र महत्वपूर्ण राजनीतिक निर्णय लिनुअघि माओवादी अध्यक्ष दाहाल सुकुटे आउने गर्नुभएको छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम आउँदै गर्दा सभामुख अग्निप्रसाद सापकोटासँगै दाहाल सुकुटे आउनुभएको हो ।

सुकुटेमा अध्यक्ष दाहालले ऱ्याफ्टिङसमेत गर्नुभएको छ । निकट स्रोतका अनुसार दाहाल, सभामुख सापकोटालगायत आज सुकुटेस्थित सुकुटे बीचमा बस्नु हुनेछ । काठमाडौँबाट करिब दुई घण्टामा पुगिने सुकुटे क्षेत्र बीचको मज्जा लिन र जलयात्राका लागि निकै चर्चित छ । सुकुटे बसाइ आन्तरिक तथा बाह्य पर्यटकका लागि तुलनात्मकरूपमा सस्तोसमेत रहेको छ ।रासस

**राहदानी हरायो**

मिती २०७९।७।१५ गते घरबाट सिरहासम्म जादै गर्दा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्म ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ ।

**नाम : सुर्यदेव सिंह**
**ठेगाना : गोलबजार न.पा.-५, सिरहा**
**राहदानी नम्बर :०५५९२२४०**
**सम्पर्क नं. : ९८२९७९९१६८**

# अध्यक्ष लिङ्देनद्वारा तीनवटा पुलको शिलान्यास

झापा । नवनिर्वाचित सांसद राजेन्द्र लिङ्देनले आज एकै दिन तीनवटा पुलको शिलान्यास गर्नुभएको छ । राप्रपा अध्यक्षसमेत रहनुभएका उहाँले हल्दीबारी गाउँपालिकाको भुतेनी खोला, भुसुडी खोलामा बन्ने पक्की पुलको शिलान्यास गर्नुभयो ।

विसं २०८१ मङ्सिर ५ गते निर्माण सम्पन्न हुने गरी रु चार करोड ६७ लाख ९४ हजार आठ सय ७८ मा तीनवटा पुलको सारा सृष्टि निर्माण सेवा प्रालिसँग ठेक्का सम्झौता भई शिलान्यास गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

पालिको वडा नं १ र ५ जोड्ने भुतेनी खोलामा ४२ दशमलव सात मिटर लम्बाइको, वडा नं ३ को भुसुडी खोलामा २६ दशमलव आठ मिटर लम्बाइको र भुसुडी खोलाकै अर्को स्थानमा २६ दशमलव आठ मिटर लम्बाइको पुल निर्माण हुने भएको छ ।रासस

# दोलखाको १० मतदात केन्द्रमा बिहीबार निर्वाचन हुने

काठमाण्डु । निर्वाचन आयोगले दोलखाका १० वटा मतदान केन्द्रमा यही मङ्सिर १५ गते अर्थात् बिहीबार मतदान हुने भएको छ । मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठका अनुसार भोलि हुने निर्वाचनका लागि तयारी पूरा भएको र चार वटा बुथमा करिब आठ हजार मतदाता रहेको जानकारी दिनुभयो ।

आयोगको यही मङ्सिर ११ गते बसेको बैठकले दोलखाको वैत्यश्वर गाउँपालिका-६ का वैत्यश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख, ग, वडा नं २ को जनज्योति माध्यमिक विद्यालय पुतली काठका मतदान केन्द्र क र ख, तामाकोसी गाउँपालिका-३ हेल्थपोष्ट भवन जफे मतदान केन्द्रका क र ख गरी सात वटा मतदान केन्द्रमा यही मङ्सिर ४ गते सम्पन्न भएको निर्वाचनलाई रद्द गरी सोही ठाउँमा पुनः मतदान गर्ने निर्णय गरेको थियो ।

आयोगले वैत्यश्वर वडा नम्बर ३ को कालीढुङ्गा मावि मतदान केन्द्रमा क, ख, ग मतदान केन्द्र भएको मतदानलाई पनि रद्द गरी पुनः मतदान गर्ने निर्णय गरी उक्त दिन पुनः मतदान सम्पन्न गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय दोलखालाई निर्देशनसमेत दिएको थियो ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको सुरुङ्गा नगरपालिकालाई बुधबार आयोजित एक कार्यक्रममा मधेश प्रदेश र सप्तरी जिल्लाकै पहिलो बाल विवाह मुक्त नगरपालिका घोषणा गर्दै नवनिर्वाचित प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरीलगायत । *तस्बिर : रासस*

# प्रतिनिधिसभामा नागरिक उन्मुक्ति पार्टीका चार सिट

महेन्द्रनगर । दल गठन भएको वर्ष दिन नपुग्दै नागरिक उन्मुक्ति पार्टी सुदूरपश्चिमको सबैभन्दा ठूलो जिल्ला कैलालीमा ठूलै दल दलका रूपमा प्रस्तुत भएको छ । हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा उक्त दलले यहाँ पाँचवटा प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रमध्ये तीन र दश प्रदेशसभा सदस्यको निर्वाचन क्षेत्रमध्ये पाँच सिटमा विजय हासिल गरेको छ ।

निलम्बित पूर्वसांसद रेशम चौधरीका श्रीमती रञ्जिता श्रेष्ठ चौधरीको नेतृत्वमा उक्त राजनीतिक दल दर्ता गराएको छोटो समयमै पार्टीले निर्वाचनमा थारू बाहुल्यता रहेको क्षेत्रमा आफ्नो पक्षमा नतिजा ल्याएको हो । ढकिया चुनाव चिह्न लिएर निर्वाचनमा प्रतिस्पर्धा गरेको उक्त दलले यहाँका प्रदेशसभाका धेरैजसो निर्वाचन क्षेत्रमा आफ्नो उपस्थिति देखाएको थियो । कैलालीमा मात्रै नागरिक उन्मुक्ति पार्टीले प्रदेशसभा सदस्यका लागि प्रत्यक्षतर्फ ८७ हजार १२ मत र प्रतिनिधिसभा सदस्यतर्फ ८१ हजार छ सय २८ मत प्राप्त गरेको धनगढीस्थित सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकृत राजेश चौधरीले बताउनुभयो ।

उहाँका अनुसार समानुपातिकतर्फको नतिजा अझै आउने क्रममा छ । पाँच लाख ३५ हजार पाँच सय १४ मतदाता रहेको कैलालीमा तीन लाख ३७ हजार तीन सय ७३ मत खसेको थियो । जिल्लाको प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन क्षेत्र १, २ र ३ जितेको उक्त पार्टीले सुदूरपश्चिममा कञ्चनपुरको निर्वाचन क्षेत्र नं १ र २ समेत आफ्नो प्रभाव देखाएको छ । कैलाली निर्वाचन क्षेत्र नं १ मा पार्टी अध्यक्षसमेत रहनुभएकी उम्मेदवार रञ्जिताले प्रतिनिधिसभा सदस्यमा जित्दा सोही क्षेत्रमा रहेको प्रदेशसभा सदस्यका लागि क्षेत्र नं १९ (१) मा कैलाश चौधरी र क्षेत्र नं २ (२) मा लक्ष्मणकिशोर चौधरी निर्वाचित हुनुभएको छ ।

त्यसैगरी क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यतर्फ सत्ता गठबन्धन र नेकपा (एमाले) का उम्मेदवारलाई पराजित गर्दै नागरिक उन्मुक्ति पार्टीका अरुण चौधरी निर्वाचित हुनुभएको छ भने सो क्षेत्रको प्रदेशसभा सदस्यका लागि क्षेत्र नं २ (२) मा सोही पार्टीका रामेश्वर चौधरी निर्वाचित हुनुभएको छ ।

त्यस्तै कैलाली निर्वाचन क्षेत्र नं ३ मा पनि उन्मुक्ति पार्टीले नै कब्जा जमायो । यहाँ प्रतिनिधिसभातर्फ गङ्गा चौधरी निर्वाचित हुनुभयो भने प्रदेशसभातर्फ क्षेत्र नं १९ (१) मा घनश्याम चौधरी र २ (२) मा खुसीराम चौधरी विजयी हुनुभयो । पाँचवटा निर्वाचन क्षेत्र रहेको कैलालीमा ठूलो दल नेकपा (एमाले) को जित शून्य हुँदा सत्ता गठबन्धनबाट कांग्रेसका दुई उम्मेदवार यहाँ निर्वाचित भए ।

निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित उन्मुक्ति पार्टीका उम्मेदवार गङ्गा चौधरीले आफ्नो पार्टीले गरेको अपेक्षाअनुसार नै नतिजा आएको बताउनुभयो । "नयाँ पार्टी भए पनि हाम्रो ४५ जिल्लामा उम्मेदवारी थियो", उहाँले भन्नुभयो, "जसमध्ये कैलालीमा तीन र बर्दियामा एक गरी चार सिट जित्न सफल भयौँ ।" उहाँले प्रदेशसभातर्फ कैलालीमा पाँच र बर्दियामा दुई गरी सात क्षेत्रमा जितेको बताउनुभयो ।

"अब पार्टी सङ्गठन विस्तार र संरचना निर्माणमा पनि हामी जोड दिँदै जान्छौँ," निर्वाचित सदस्य चौधरीले भन्नुभयो, "डेब्युमै नतिजा राम्रो आउँदा हामी उत्साहित छौँ ।" गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा कैलालीमा नागरिक उन्मुक्ति पार्टी दोस्रो ठूलो दल बनेको थियो । यहाँका १३ वटा पालिकामध्ये स्थानीय तहको निर्वाचनमा उक्त पार्टीले चार वटा पालिकामा जितेको थियो । कञ्चनपुरमा प्रदेशसभा सदस्यतर्फ निर्वाचन क्षेत्र नं १ (१) मा पल्टु राना र २ (२) मा काली चौधरी उम्मेदवार थिए । यहाँ काली चौधरीले भने पाँच हजार पाँच सय १७ मत ल्याउनुभएको थियो । यहाँको निर्वाचन क्षेत्र नं २ (१) मा नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार गीता चौधरीले पाँच हजार एक सय ५३ मत ल्याउनुभयो ।रासस

# मधेशमा माओवादी केन्द्र शून्य हुनुको यस्ता छन् भित्री कारण




**बाला खुद्दार**

जनकपुरधाम । मधेश प्रदेशका ३२ वटा प्रतिनिधिसभा सिटको अन्तिम परिणाम आउँदा सत्ता गठबन्धनको एक मुख्य दल माओवादी केन्द्र भने शून्य भयो । जुन अनपेक्षित नतिजा हो । भलै, नेपाल समाजवादी पार्टीका महिन्द्र राय यादव भने सर्लाही २ बाट माओवादी केन्द्रकै चुनाव चिह्नबाट निर्वाचित भएका छन् । २०७४ को चुनावमा ५ सिट जितेको माओवादी केन्द्र गठबन्धन गरेर पनि मधेशमा बढारियो ।

माओवादी मूलधारको राजनीतिमा आएपछि प्रत्येक निर्वाचनमा उसको पाउने सिटमा भारी कटौती हुँदै गएको देखिन्छ । माओवादी पहिलोपटक २०६४ सालको निर्वाचनमा सहभागी हुँदा प्रत्यक्षतर्फ १२० सिट ल्याएर सबैभन्दा ठूलो पार्टी बनेको थियो । २०७० सालको निर्वाचनमा प्रत्यक्षतर्फ २६ सिटमा सीमित भयो । २०७४ सालमा वाम गठबन्धन हुँदा प्रत्यक्षमा उसको ग्राफ बढेर ३६ सिट पुग्यो । अहिलेको निर्वाचनमा उसको ग्राफ घटेर मात्र १७ सिटमा सीमित भएको छ ।

संघीयता र गणतन्त्र पक्षधर पार्टी माओवादी केन्द्रले मधेश प्रदेशबाटै यस्तो हार व्यहोर्नुपरेपछि सो पार्टीको शीर्ष नेतृत्व भस्किएको छ । तर, मधेशले माओवादीलाई यो निर्वाचनमा मात्र झट्का दिएको भने होइन । यसअघि स्थानीय तहको निर्वाचनमै माओवादी केन्द्रलाई मधेशले सचेत गराएको थियो । मधेश प्रदेशका १३६ वटा स्थानीय तहमध्ये माओवादीले जम्मा सातवटा मात्रै पालिका जितेको थियो ।

माओवादी केन्द्र मधेशमा शून्य हुनुका प्रमुख कारणहरूमध्ये प्रदेश र जिल्ला तहमा माओवादीको संरचना नहुनुलाई प्रमुख कारण मानिएको छ । त्यसमाथि केपी शर्मा ओली र शेरबहादुर देउवा नेतृत्वको सरकारमा लामो समय बसे पनि मधेशको मुद्दालाई जोडदार रूपमा उठाउन नसक्नु, गठबन्धन दलका घटकहरूबीच अन्तर्घात हुनु, टिकट वितरण सन्तुलित नहुनु, तत्कालीन नेकपाको विभाजन असर, श्रमजीवी र गरिब विपन्नको मुद्दा नउठाउनुलाई पनि माओवादी हारको कारण मान्नेहरू धेरै छन् ।

**प्रदेश र जिल्ला कमिटी नेतृत्वविहीन**

माओवादी केन्द्रको महाधिवेशन भए पनि मधेश कमिटी र जिल्ला कमिटीहरू अझै नेतृत्वविहीन छन् । गत पुसमा प्रदेश कमिटी गठन गर्न प्रदेश सम्मेलन भएको थियो । तर, उक्त सम्मेलनले २७५ सदस्यीय प्रदेश समिति गठन गर्ने निर्णय गरे पनि अध्यक्षसहितका पदाधिकारीहरूको छनोट गर्न सकेन ।

त्यसैगरी, जिल्ला-जिल्लामा विवाद भएको कारणले जिल्ला कमिटीहरू पनि गठन हुन सकेन । पार्टीको महाविधेशनले मधेश प्रदेशबाट ४० जनालाई केन्द्रीय सदस्य बनाएको छ । तर, ४० जनाले पनि प्रदेश र जिल्ला कमिटी गठनमा जोड दिएनन् । फलस्वरुप पार्टी नेतृत्वविहीन भएर स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुन बाध्य भयो । पार्टीका संगठनहरू नै नेतृत्वविहीन अवस्थामा रहेपछि नेता तथा कार्यकर्तामा अनुशासनहीनता भयो । उनीहरू आफ्नै पार्टीका उम्मेदवारविरुद्ध प्रयोग हुन पुगे । मधेश प्रदेशका सबै स्थानीय तहमा माओवादीको पालिकास्तरको संगठन पनि गठन हुन नसकेको अवस्था छ ।

मधेश प्रदेश इर्न्चाज गणेश साहले पार्टीको महाधिवेशन भए पनि मधेश र जिल्ला कमिटीहरू नेतृत्वविहीन रहेको अवस्थामा स्थानीय, प्रदेश तथा प्रतिनिधिसभाको चुनाव लड्नुपरेकाले पनि आफूहरू कमजोर अवस्थामा पुगेको दाबी गरेका छन् ।

**नेकपाको विभाजन**

माओवादी केन्द्र नेकपा एमालेसँग चुनावी गठबन्धन गरेर २०७४ को चुनाव लडेको थियो । एमालेसँग पार्टी एकता नै गरी नेकपा बनाइयो । पार्टी एकता त गरियो तर त्यो साढे २ वर्ष पनि टिकेन । अन्तरकलह छँदै थियो, त्यसमा सर्वोच्च अदालतको आदेशले २३ फागुन ०७७ मा नेकपा विभाजन भएर एमाले र माओवादी पुरानै अस्तित्वमा आए । त्यतिबेला मधेश प्रदेशबाट पार्टीमा स्थापित नेता प्रभु साहजस्ता नेताहरू एमालेमा रहन पुगे । यसले पनि पार्टीप्रति जनमानसमा नकारात्मक सन्देश गयो ।

**पाँच वर्ष सरकारमा, तर मधेश एजेण्डामा सुस्त**

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' मधेशमा आउँदा मधेशसँग लभ भएको बताउने गर्छन् । तर, माओवादी पाँच वर्ष सरकारमै रहेर पनि मधेशका मुद्दा अगाडि बढाउन सकेन । इर्न्चाज साह पनि यो स्वीकार्छन् । 'निश्चित रूपमा पार्टी पछिल्लो पाँच वर्ष कुनै न कुनै रुपमा सरकारमा रह्यो । तर, मधेशको एजेण्डामा खासै जोड दिन सकेन । यो सही हो,' उनी भन्छन्,'यो विषय माओवादीले उठाउनुपर्थ्यो । तर, उठाउन चुक्यो । उठाएको भए मधेशकेन्द्रित दलहरूको समेत माओवादीलाई साथ हुन्थ्यो ।'

**गठबन्धनभित्रको अन्तर्घात**

माओवादी केन्द्रले सत्तामा कायम रहिरहन स्थानीय तहदेखि प्रदेश र प्रतिनिधिसभासम्मको निर्वाचनमा गठबन्धन गऱ्यो । तर, त्यो गठबन्धन माओवादी केन्द्रलाई फापेन । केन्द्रमा कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबीच जुन किसिमको सम्बन्ध छ, त्यो स्थानीयस्तरका नेता तथा कार्यकर्तासम्म पुग्न सकेन । अर्थात्, केन्द्रमा प्रचण्डले देउवालाई स्वीकारेजस्तो जिल्ला तथा स्थानीयस्तरमा कांग्रेसका नेता तथा कार्यकर्ताले माओवादी उम्मेदवारलाई स्वीकार गर्न सकेनन् ।

माओवादी केन्द्र मधेश प्रदेशका पूर्वअध्यक्ष प्रह्लाद बुढाथोकी गठबन्धनभित्र धेरै अन्तर्घात भएको बताउँछन् । 'हामीले कांग्रेसलगायतका गठबन्धन दलका घटकका उम्मेदवारहरूलाई सहयोग गऱ्यौँ । तर, उहाँहरूबाट त्योअनुसारको सहयोग पाउन सकेनौँ । हाम्रो प्रेम एकतर्फीजस्तै देखियो,' उनले भने । गठबन्धनका घटक दलहरूले गठबन्धनको मर्म र भावना नबुझेर मतलाई डाइभर्ट गरेको बुढाथोकीको आरोप छ । इन्चार्ज साहले भने, 'एमाले-जसपाको गठबन्धनले एमालेलाई जसरी फाइदा भयो, त्यसरी नै हाम्रो गठबन्धनको फाइदा कांग्रेसलाई भयो ।'

**असन्तुलित टिकट भागवण्डा**

माओवादी केन्द्रले मधेश प्रदेशमा हार व्यहोर्नुको अर्को मुख्य कारण असन्तुलित टिकटको भागवण्डा पनि हो । माओवादी केन्द्रले धनुषा १ मा मातृका यादवलाई उम्मेदवार बनायो । तर, उनीसँगै गठबन्धन दलको घटक लोकतान्त्रिक समाजवादी पार्टी लोसपाका संजय साहलाई प्रदेशसभामा उम्मेदवार बनाइयो । जबकि त्यो क्षेत्रमा लोसपाको संगठन नै थिएन । स्थानीय तहको निर्वाचनमा सो पार्टीका उम्मेदवारको जमानत पनि बचेको थिएन । यस्तो अवस्थामा त्यहाँ लोसपाका उम्मेदवारलाई नभई आफ्नै पार्टीका कसैलाई टिकट दिएको भए उसले त्योभन्दा राम्रो नतिजा दिन सक्थ्यो । जसको संगठन नै छैन, त्यसलाई पार्टीले टिकट दिँदा आफ्ना कार्यकर्तामा पनि निराशा उत्पन्न भयो र त्यसको परिणाम उनीहरू पनि विरोधमा गए ।

महोत्तरी निर्वाचन क्षेत्र १ मा पनि गिरिराजमणि पोखरेलसँग पनि त्यही समस्या भयो । उनीसँग पनि प्रदेशसभामा लोसपाका उम्मेदवार रामश्रेष्ठ महतोलाई टिकट दिइएको थियो । त्यहाँ पनि लोसपाको खासै संगठन छैन । अर्को कारण माओवादीले पोखरेल, मातृका यादवलाई पटक-पटक टिकट दिँदै आएको छ । यिनीहरू पुरानै अनुहार भएकाले पनि परिवर्तन खोज्नेहरूलाई मतदान गर्न असहज भएको हुन सक्ने इन्चार्ज साहको तर्क छ ।

**कम सिटमा लडेकाले पनि कमजोर अवस्थामा**

सत्तारुढ गठबन्धनमा माओवादी केन्द्रलाई मधेश प्रदेशमा प्रतिनिधिसभामा मात्र ६ सिट र प्रदेशसभामा १६ सिट भाग परेको थियो । एक सिट माओवादीले नेपाल समाजवादी पार्टीका उम्मेदवार महिन्द्रराय यादवलाई दिएपछि आफ्नो उम्मेदवार मात्र ५ सिटमा खडा गरेको थियो । तर, उनीहरू सबै पराजित भए । त्यसैगरी, प्रदेशसभामा १६ सिटमध्ये मात्र चारवटा सिट माओवादीले जितेको छ ।

राजनीतिक विश्लेषक रोशन जनकपुरी गठबन्धन गरेका कारण माओवादी मधेश प्रदेशमा कमजोर भएको दाबी गर्छन् । '३२ सिटमध्ये मात्र ५ सिटमा माओवादीले उम्मेदवार खडा गरेको छ, कम सिटमा उठाउँदा त्यसको परिणाम पनि कम आउनु स्वाभाविक नै हो । ३२ को ३२ सिटमा उम्मेदवार खडा गरेको भए कम्तीमा ५-७ वटा सिट नआउने कुरा थिएन,' उनले भने । विगतमा गरेको संघर्ष, बोकेको विचार सिद्धान्तलाई छोडेका कारण माओवादीप्रतिको लोकप्रियता घट्दै गएको जनकपुरी बताउँछन् ।

'माओवादी सुरूमा वर्ग संघर्ष, श्रमजीवी, उत्पीडनमा परेका मधेशी, आदिवासी जनजातिको कुरा उठाएर अगाडि बढ्यो', उनले भने, 'सत्तामा पुगेपछि यी सबै एजेन्डा बिर्सियो, अर्थात् ऊ पनि कांग्रेस, एमालेजस्तै एउटा यथास्थितवादी पार्टीको रूपमा रह्यो । परिवर्तन र प्रगितिशील हुन सकेन । सिद्धान्तमा पुँजीपतिको विरोध गर्ने तर व्यवहारमा पुँजीपतिकै संरक्षण र प्रवर्द्धन गर्ने अवस्था देखियो । रासस

# विपी कोइराला क्यान्सर अस्पतालमा चिकित्सक भेट्नै मुस्किल



चितवन । विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर देख्न र सुन्नमा जति सुन्दर छ त्यहाँ उपचार गर्न आउने बिरामीले पाउने दुःख र सास्ती त्यति नै छ । पर्याप्त भौतिक पूर्वाधार र जनशक्ति हुँदाहुँदै पनि बिरामीले चिकित्सक भेट्न मुस्किल हुने गरेको बिरामीको गुनासो छ ।

अस्पताल परिसरमै चिकित्सक र कर्मचारीका लागि आवासको व्यवस्था छ । सम्भवतः नेपालमै सरकारी तहमा सबैभन्दा बढी सेवा र सुविधा यहीका चिकित्सक कर्मचारीले पाउँछन् । त्यही आएका बिरामी ल्याएर उपचार गर्ने गरी अधिकांश चिकित्सकको निजी अस्पताल र क्लिनिक छन् । बिरामी र तिनका आफन्त निजीमा जान प्रेरित गर्ने उद्देश्यले अस्पतालमा कम भेट हुने, शल्यक्रियाका लागि लामो समयपछि मात्रै पालो आउने गरेको गुनासो बिरामीको छ । चिकित्सकमात्रै होइन, कर्मचारीहरू पनि हाजिर गरेर हिँड्ने गरेको सेवाग्राहीको गुनासो छ । रोल्पाको थवाङबाट उपचारका लागि एक साताअघि चितवन आउनुभएका मालबहादुर डाँगी पाँच दिनदेखि अस्पतालमा भौँतारिइरहनुभएको छ । उहाँले अझै चिकित्सक भेट्न सक्नुभएको छैन ।

विगत एक महिनाअघि परीक्षणका लागि दिएको नमूनाको रिपोर्ट देखाउनका लागि उहाँ अहिले चिकित्सकको पर्खाइमा हुनुहुन्छ । मङ्गलबार दिउँसो अस्पताल परिसरमा पुग्दा सँगै डाँगीले अस्पतालको प्रशासनका कर्मचारीलाई गुनासो गर्नुभयो, "हाम्रो रिपोर्ट कहिले देखाउन पाउँछौँ ।" अस्पताल प्रशासनका कर्मचारीले जवाफ दिए 'भोली' । "आज चिकित्सक शल्यक्रियामा व्यस्त हुनुहुन्छ", ती कर्मचारीले भन्नुभयो । आफ्नो पीडा सहेर डाँगी फेरि भोलिको आशामा फर्कनुभयो । उपचारका लागि दुई महिनामा तीन पटकसम्म अस्पताल आएको डाँगीको भनाइ छ । उहाँले भन्नुभयो "चिकित्सक कुरेर बस्नु पर्ने बाध्यता छ ।" उहाँको पेटमा समस्या भएका कारण जाँचका लागि आउनु भएको हो । "खाएको कुरा केही अडिदैंन । मुखबाटै फर्कन्छ । यस्तो अवस्थामा चिकित्सक कुर्नु परेको छ ।" उहाँले भन्नुभयो ।

यस्तै पीडा पाल्पाबाट आउनुभएकी भिमकुमारी थापाको पनि छ । उहाँ रेडियो थेरापीका लागि आउनुभएको हो । "आज पालो भनेर आएको, पाइने नपाइने थाहा छैन ।" उहाँले भन्नुभयो । अस्पताल आएका बिरामी र उनका आफन्त चिकित्सकको खोजी र उपचारका लागि दिइएको समयको पर्खाइमा बस्दै गरेका छन् । तनहुँको दुलेगौडाबाट उपचारका लागि आउनुभएकी इन्द्रकला लम्साल बहिरङ्ग विभागमा आएर चिकित्सक कुर्दै हुनुहुन्थ्यो । उहाँले भन्नुभयो, "चिकित्सक आउनुहुन्छ भन्नुभएको छ । कति खेर भेट्न पाइन्छ पत्तो छैन ।"

नियमित जाँचका क्रममा आउनुभएकी लम्साल विगत एक सातादेखि क्यान्सर अस्पतामा हुनुहुन्छ । उहाँले विभिन्न किसिमको परीक्षणका लागि दिएको नमूनाको रिपोर्ट देखाउँदै भन्नुभयो, "अब यो देखाएर त घर जान पाइन्छ कि भन्ने आश छ, तर डाक्टर भेट्न पाइन्छ, पाइँदैन निश्चित छैन ।" चिकित्सक नभेटिएपछि त्यहाँ भेटिएका सहयोगीले चिकित्सक भेट्ने वैकल्पिक उपायस्वरुप निजी अस्पताल देखाउने गरेको बिरामीका आफन्तको गुनासो छ ।

यी उदाहरणीय पात्र हुन् । अस्पतालमा आएका बिरामीले विशेषज्ञ चिकित्सकसमेत भेट्न कठिन हुने गरेको छ । चिकित्सक भेट्नका लागि वहिरङ्ग विभागमा आएका बिरामीलाई त्यहाँका कर्मचारीको छुद्र बोलीका कारण पीडित हुने गरेको गुनासो गर्छन् । विशेषज्ञ चिकित्सक हाजिर गरेर आफ्नो बहिरङ्ग सेवामा नबस्ने गरेको उनीहरूको गुनासो छ । उनीहरू हाजिर गरेर न बहिरङ्ग सेवामा हुन्छन् न त शल्यक्रियाकक्षमा नै हुन्छन् । एनेस्थेसिया र सर्जनका कारण बिरामीले लामो समय शल्यक्रियाको पालो कुर्नुपरेको बिरामी बताउँछन् । एनेस्थेसियाले दिउँसो १ बजेपछि काम नगर्दा समस्या बढ्दै गएको अस्पताल प्रशासन स्रोतले जनाएको छ । अस्पतालका कार्यकारी निर्देशक डा देजकुमार गौतम आफूले चिकित्सक कर्मचारीले काम गरिरहेको मान्यता राख्ने बताउनुभयो । गुनासोको विषयमा आफूले बुझ्ने भन्दै उहाँ कार्यालय समयमा काम नगर्ने चिकित्सक कर्मचारीलाई कारबाही गरिने बताउनुहुन्छ । अस्पतालमा हाल एक सय जना विशेषज्ञ चिकित्सक कार्यरत छन् ।

# एक हजार दरका ४३ करोड थान नोट छाप्न भारतीय कम्पनीलाई ठेक्का

काठमाण्डु । नेपाल राष्ट्र बैंकले एक हजार दरका ४३ करोड थान बैंक नोट छाप्ने जिम्मा भारतीय सरकारी कम्पनीलाई दिएको छ ।

***त्यसमा ब्राजिल, चीन र फ्रान्सका कम्पनीले पनि प्रस्ताव हालेका थिए तर आर्थिक र प्राविधिकरूपमा उपयुक्त रहेको भन्दै भारतीय कम्पनी छनोटमा परेको हो ।***

भारत सरकारको स्वामित्व रहेको भारत प्रतिभूति मुद्रण तथा मुद्रा निर्माण निगम लिमिटेड (सेक्युरिटी प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेसन अफ इन्डिया लिमिटेड) लाई नोट छपाइका लागि ठेक्का दिन लागिएको हो । राष्ट्र बैंकले बुधबार उक्त ठेक्का सम्झौता गर्नेसम्बन्धी आशयपत्र जारी गरेको छ ।

एक हजार दरका ४३ करोड थान नोटको डिजाइन, छपाइ र ढुवानीको काम भारतीय कम्पनीले नै गर्नेछ । यसका लागि उसले एक करोड ११ लाख ३४ हजार पाँच सय छ अमेरिकी डलर (बुधबारको विदेशी विनिमय दरअनुसार रु एक अर्ब ४५ करोड ८६ लाख २० हजार) बराबर कबोलेको थियो । नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभागले गत सेप्टेम्बरमा अन्तरािष्ट्रय बोलकबोल प्रतिस्पर्धाबाट कम्पनी छनोटका लागि ठेक्का प्रस्ताव आह्वान गरेको थियो । त्यसमा ब्राजिल, चीन र फ्रान्सका कम्पनीले पनि प्रस्ताव हालेका थिए तर आर्थिक र प्राविधिकरूपमा उपयुक्त रहेको भन्दै भारतीय कम्पनी छनोटमा परेको हो ।रासस


**श्री धर्म संस्था**
**(रामस्वरुप साह, रामसागर साह)**
**मिल्स एरिया , जनकपुरधाम -१**

**पोखरीको पानीवाली ठेक्का सम्बन्धि सूचना**

उपरोक्त सम्बन्धमा यस श्री धर्म संस्थाका जिल्ला धनुषा, ज.उ.म.न.पा .वडा.१४ सिट.नं. १३१५-०८ कि.नं. ४३ को क्षे.फ. ०-६-८-२, सिट.नं. १३१५-०९ कि.नं. २९ को क्षे.फ. ०-१-०, सिट.नं. १३१५-०८ कि.नं. ३० को क्षे.फ. ०-०-१२-१, सिट.नं. १३१५-१३ कि.नं. ५३ को क्षे.फ. ०-३-३-३, सिट.नं. १३१५-०८ कि.नं. ४१ को क्षे.फ. ०-२-२-०,कि.नं. ४४ को क्षे.फ. ०-०-३-१ गरी जम्मा क्षेत्रफल ०-१३-०-३ को जग्गामा अवस्थित पोखरी पानीवाली ४ चार वर्षका लागि न्यूनतम दर रु २,०५,०००|०० (अक्षरेपी दुई लाख पाँच हजार) भन्दा वढी रकम उल्लेख गरी ठेक्का लिनु हुन इच्छुक महानभावहरु यस संस्थाका कार्यालय बाट फर्म उपलब्ध गरी सूचना प्रकाशित मिति देखि १५ पन्ध्र दिन भित्रमा शिलबन्दी टेण्डर भर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट** :- विशेष जानकारीको लागि यस संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**सचिव**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# महँगो चुनाव

मंसिर ४ गते सम्पन्न चुनावमा उम्मेदवारहरुले गरेको खर्च अस्वभाविक देखिएको छ ।निवाचन आयोगले लगाएको आचारसंहिताको कार्यान्वयन नै भएन् ।एकै जना उम्मेदवारले कयौं करोड सम्म खर्च गरेको बुझिन्छ ।केही उम्मेदवारहरुले त रुपैयाकै भरमा चुनाव जितेका छन् ।निर्वाचन आयोगले चुनावमा खर्चको सीमा निर्धारण गरेको थियो ।तर आयोगले निर्धारण गरेको खर्च भन्दा धेरै बढी सवारी साधन र त्यसको इन्धनमा खर्च भयो ।डलरमा महँगा विज्ञापनहरु भए ।नेपाली सञ्चार माध्यमको भन्दा धेरै बढी महँगो पर्ने विज्ञापन उम्मेदवार हरुले गरे ।उनीहरुले चुनावमा गरेका बाहिर देखिने भन्दा पनि मतदाताहरुलाई नगद, धोती, सारी, माछा, मासु, मदिरामा करोडौ रुपैया खर्च गरेका छन् ।निर्वाचन आयोगले जारी गरेको निर्देशनको पनि उम्मेदवारहरुले वेवास्ता गरे ।चुनावमा उम्मेदवारहरुबाट रकम लिने सर्वसधारण मतदाता मात्र नभै सांसद, मन्त्री, उच्च पदस्थ कर्मचारी भैसकेकाहरु, स्थानीय निकायका जनप्रतिनिधिहरु पनि कम्ती थिएनन् ।उनीहरुले आम मतदाताहरुको भन्दा धेरै महँगा मतदाता थिए ।कतिपय उम्मेदवारहरु आफ्नो शालीनता, गरेका विकास, जनसेवा, नयाँ एजेण्डा लगायतकै कारण चुनाव जिते ।तर कतिपय उम्मेदवारहरुले रुपैया खर्चेर नै मतदातालाई प्रभावित गरे ।हालको प्रकृयामा चुनाव आमनागरिकको पहुँच भन्दा टाढा नै भएको छ ।सजग मतदाताहरु रहेको क्षेत्रमा किनमेल भएको देखिएन् ।सजग मतदाताहरु रहेको क्षेत्रमा रकम पनि निकै कम खर्च भयो ।तर सजग र सचेत मतदाता नभएको क्षेत्रहरुमा खासगरी मधेशमा उम्मेदवारहरुले मोटो रकम बाँडेर चुनावको परिणामलाई आफ्नो पक्षमा पारे ।निर्वाचन महँगो हुँदा असल नेताहरुले जनताको प्रतिनिधित्व गर्न पाउन सक्दैन् । चुनावमा भारी लगानीगरी जसरी पनि जित्ने उम्मेदवारहरुका लागि चुनाव एक प्रकारको जुवा जस्तै हो ।१ मतले मात्रै पराजित भए पनि उनले लगानी गरेको सबै खर्च डुब्यो ।हुनत चुनावमा जति खर्च गरे पनि उम्मेदवारहरुले निर्वाचन आयोगमा बुझाउने विवरण निर्धारित रकम भन्दा थोरै पनि बढी समावेश गर्ने छैनन् ।आयोगले हिसाब नबुझाउने उम्मेदवारहरुलाई जरिवाना गरेकाले यस पटक हिसाब बुझाउन उम्मेदवारहरु हतारिएको देखिएको छ ।उम्मेदवारहरुले बुझाउने हिसाबलाई नै आयोगले सदर मान्नुपर्ने अवस्था छ ।अन्य खर्च गरिएको सबै रकम अवैध रुपमा आएको र अवैध रुपमा खर्चिएको हो ।नेपालमा चुनावलाई भयरहित र निष्पक्ष बनाउन उम्मेदवारहरुले मतदातालाई खरिद गर्ने प्रकरणलाई बन्द गर्नै पर्छ ।मत खरिद गर्ने भन्दा जनभावना अनुरुप विकास निर्माणको काम गर्ने जनहितैषीलाई प्रतिनिधिको रुपमा चयन गर्नुपर्छ ।चुनावमा आचारसंहिता विपरीतको कार्य गर्ने उम्मेदवारहरुको दर्ता नै ठाउँको ठाउँ रद्द गर्ने सम्मको कानून बनाउनु आवश्यक छ ।त्यसो नभए सम्म चुनाव झन महँगीदै जानेछ ।

# मङ्सिर ४ गतेको निर्वाचनले दिएको जनादेश



**डा. रामसागर पंडित**

बर्तमान पाँच दलीय गठबन्धनका अध्यक्षहरू बिगतको ओली सरकारबाट दिक्क भइ शेरवहादुर देउवाको नेतृत्वमा बनेको सरकारमा सामेल भएका थिए । विगतका गठबन्धनबाट अहिले जनता समाजवादी पार्टी एमालेसँगको गठबन्धनमा सामेल भएको छ । अहिले राजपाको सट्टा लोकतान्त्रिक समाजवादी पार्टी यस गठबन्धनमा समाबेस भएको छ । उनीहरू ओलीको क्रियाकलापबाट यति प्रतारित थिए कि नेकपा (एमाले) का केही शीर्ष नेताहरू लगायत अन्य नेताहरू समेत पार्टी छोड्न बाध्य भएका थिए ।

पार्टी छोडेपछि उनीहरू क. माधव नेपालको नेतृत्वमा नेकपा (एस) नयाँ पार्टीसमेत खोल्न पुगे । ओलीको प्रतिनिधि सभामा रहेका लगभग दुई तिहाइ बहुमतमा ग्रहण लाग्न थाल्यो । यी शीर्ष नेताहरू क्रमश शेरबहादुर देउवा, पुष्पकमल दहाल, माधवकुमार नेपाल, उपेन्द्र यादव र चित्रबहादुर केसीले पटक-पटक जनतालाई आश्वस्त बनाएका थिए कि हामी २०७९ को स्थानीय निर्वाचनसम्म मात्र होइनौं यसैसालभित्रै हुने आम चुनावमा समेत गठबन्धन बनाएर नै निर्वाचनमा भाग लिनेछौं । जबसम्म लोकतन्त्रमाथि खतरा देखिन्छ, तबसम्म हामी गठबन्धनलाई नै निरन्तरता दिएर एकजुट भइ लडिरहने छौं ।

अब यहाँ प्रश्न उठ्छ के अब ओलीबाट संविधान तथा लोकतन्त्रमाथि कुनै खतरा छैन त ! यदि छ भने आफूले जनतालाई दिएको बचनबद्धतालाई पालन गर्नु नै नैतिकता देखिन्छ । हिज्जो देउवाको नेतृत्वमा बनेको सरकारलाई कहिले पनि ओलीले आत्माले स्वीकार गरेका थिएनन् । जहिले पनि वहाँ के भन्नु हुन्थ्यो भने यो सरकार त परमादेशको सरकार हो, जनादेशको होइन । यसबारे उहाँलाई धेरै जबाब भेटि सकेका हुनाले यसबारे बढी चर्चा हुनु भनेको निरर्थक समय फाल्नु हो ।

अब २०७९ को आम निर्वाचनतिर लागौं । यस निर्वाचनको परिणामलाई हेर्दा कुनै एउटा पार्टीको बहुमत आएको देखिँदैन । जनताको आदेशलाई स्वीकार्ने हो भने पाँच दलीय गठबन्धनलाई नै सरकार निर्माण गर्न जनादेश दिएको देखिन्छ । त्यसैले गठबन्धनका सबै शीर्ष नेताहरू छलफलबाट एउटा स्तरीय सरकार निर्माणमा लाग्नु आजको पहिलो कर्तव्य हुन आउँछ । राजनीतिमा कुन बेला कसको भाग्य खुल्छ ठेगान हुँदैन ।

शेरबहादुर देउवा एउटा अनुभवी नेता भएकाले अहिले सरकार वहाँकै नेतृत्वमा दिनु सबैभन्दा राम्रो बिकल्प हुनसक्छ जस्तो लाग्छ । हुनत नेपाली काँग्रेसभित्रै पनि प्रधानमन्त्रीका कैयौं उम्मेदवार छन् । उनीहरू आफ्ना इच्छा समेत जाहेर गरिसकेका छन् । यस दौडमा खासगरी रामचन्द्र पौडेल, शेखर कोइराला, गगन थापा रहेका छन् । काँग्रेस बाहेकका दलहरूमध्ये नेकपा (माके) मा अध्यक्ष पुष्पकमल दाहालसमेत प्रधानमन्त्रीमा जाने इच्छा जाहेर गरिसकेका छन् । पार्टीभित्र र बाहिर कसरी मिलाएर लैजाने कुरा छलफलबाट टुंगो लगाइ अगाडि बढ्नु सबैभन्दा उत्तम बाटो देखिन्छ । जहाँसम्म सिट प्राप्तिको कुरो छ ।

त्यसमा पाँच दलीय गठबन्धनको बहुमत सजिलै पुग्ने अनुमान गर्न थालेका छन् । अहिले पनि नेकपा एमालेका अध्यक्ष तिक्रम गर्न पछि परेका छैनन् । निर्वाचनका सबै परिणाम घोषणा नहुँदै पुष्पकमल दाहाल प्रचण्डलाई फोन गरी ललाउन/फकाउन फोन मार्फत शुरू गरिसकेका छन्, त्यतिकैमा बिस्तारै पाँच दलीय पार्टीहरूका अवस्था सुधर्दै आएको देख्दा पछि हटेको देखिन्छ । यस्ता धुर्त नेतामाथि कहिले पनि विश्वास गर्नु हुँदैन । मौका परेपछि जससँग पनि नजिक आउने र अबसर पाइ सकेपछि लात हान्न पनि बेर नलाग्ने रहेछ ।

अब निर्वाचनले दिएको मत परिणाम तिर फर्केर हेर्दा सबैभन्दा ठूलो पार्टी नेपाली काँग्रेस बनेको देखिन्छ । यस पार्टीले लगभग ५७ सिट जित्ने अनुमान छ । केही ठाउँका निर्वाचन परिणाम नआएकाले अनुमानित शब्द जोड्नु परेको छ । यस्तै नेकपा (माके) ले १९ सिट जित्ने आशा राखेको छ। नेकपा (एस) ले १०, लोसपाले ४, राष्ट्रिय जनमोर्चा नेपालले १ सिटमा जित हासिल गरिसकेका छन् । यसरी गठबन्धनमा सबै पार्टीहरूका सिटलाई एक ठाउँमा ल्याउँदा जम्मा ९० सिट जित्ने अनुमान गरेका छन् । ३ वटा निर्वाचन क्षेत्रका परिणाम आउन बाँकी नै छन् । समानुपातिक संख्यालाई मिलाउँदा १४० पुग्ने अनुमान छ । सरकार बनाउने संख्या पुगे पनि सरकारमा जाने सिट बाँटफाँटको बखेरा कम झन्झटिलो छैन । प्रधानमन्त्रीको बखेरा मात्रै छैन मन्त्री चयन गर्ने समस्या कम सानो छैन । सबैका सबैले मन्त्री बन्न आफ्ना इच्छा राखेका हुन्छन् । यी सबै कुरालाई समेटेर अगाडि बढ्नु कम चुनौती छैन ।

तर जे जस्तो चुनौती भए पनि जनताले दिएको आदेशलाई शिरोधार्य गरि आफैभित्र सामान्य लोभमा नपरी मन्त्रिमण्डल निर्माणतिर गठबन्धनका नेताहरूको ध्यान जानु पर्छ । आज दिएको मत नै स्थिर रूपमा रहिरहन्छ भने कहीं कतै सिद्ध भएको छैन । राजनीतिमा सधैं उलटफेर भइरहन्छ । एउटै पार्टीको बहुमत आएको भए यत्रो गृहकार्य गर्ने आवश्यकता नै थिएन । जनता सर्बोपरि छन् । जनता सबैको मूल्याङ्कन गरिरहेका हुन्छन् । गठबन्धनले बुझ्नु पर्छ भने आज दिएको बहुमत भोलि राम्रो काम गर्दै गयो भने एउटै पार्टीको बहुमत पुग्न बेर लाग्दैन । हिजो ओली सरकारलाई दिएको बहुमतलाई सदुपयोग गर्नु पर्दथ्यो । तर दुरूपयोग गरेका कारणले आजको यस्तो अबस्था आइपरेको छ । यसबारे हेक्का राख्नु सबैको बुद्धिमानी हुनेछन् होइन भने यसभन्दा पनि बदर हालत आउन बेर लाग्दैन ।

जहाँसम्म आएको परिणामले असन्तुष्टिको कुरो छ । त्यसको लेखाजोखा गर्नु पनि नितान्त जरुरी छ । परिणामलाई लिएर कसैमा पनि असन्तुष्टि आउनु हुँदैन । एक ठाउँमा बसेर के कसो छ आ-आफ्ना असन्तुष्टि पोखेर बास्तविक स्थिति पत्ता लगाएर समाधानतिर लाग्नु नै यसको सबैभन्दा उत्तम उपाय हुनसक्छ । सिट बाँटफाँटमा पाएका सिटमा नेपाली काँग्रेस पार्टी ५० प्रतिशत, नेकपा (माके) ४० प्रतिशत, नेकपा (एस) ५० प्रतिशत लोसपा ४४ प्रतिशत, राजमो, नेपालले ५० प्रतिशत सिटमा विजय हासिल गरेका छन् ।

यसमा अलिकति क्षति नेकपा (माके) लाई परेको देखिन्छ । काँग्रेसले केही बढी प्रतिशत सिट पाएको छ । निर्वाचनको गणितीय परिणामलाई अनुमान गर्न निकै कठिनाइ हुन्छ । त्यसैले निर्वाचनमा अलिकति घटीबढी हुनुलाई स्वभाविक प्रक्रियाभित्र लिने गरिन्छ । देशमा अहिले पनि अग्रगामी तथा प्रतिगामी बीचको लडाइ सकेको छैन, बरु यस निर्वाचनबाट उनीहरू केही बलियो भएर नै आएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत केही अन्य पार्टीहरू जो यस संविधानलाई मान्दैनन् उनीहरूका सिट बृद्धिहुनु पक्कै सोचनीय अवस्था भएको छ । अर्कोतिर नेकपा (एमाले) जो आफूलाई सबैभन्दा ठूलो पार्टीको घमण्ड प्रदर्शन गरिरहेको थियो, उ आज दोस्रो स्थानमा आएर अडेको देखिन्छ । गठबन्धनका लागि राजनीतिक रूपले एउटा ठूलै उपलब्धि देखिन्छ । हिज्जोसम्म ओलीले परमादेशको रट लगाएर यस सरकारलाई जनादेश छैन भने कुरालाई जनताले दिएका मतबाट नै प्रमाणित भएको छ कि यो गठबन्धनको सरकार जहिले पनि जनादेशकै सरकार थियो । जसलाई परमादेश र जनादेश शब्दको ज्ञान छैन, त्यसलाई जति बुझाएपनि बुझ्न अप्ठयारो भइरहन्छ ।

रह्यो २०७२ को चुनावी परिणामसँगको तुलना, त्यसमा पनि गठबन्धनका पार्टीहरू कुनै खासै हानि नोक्सानी बेहोर्नु परिराखेको देखिँदैन । नेकपा (माके) लाई परेको घाटामा पार्टीबाट केही नेताहरू फुटेर यसअघि नै नेकपा (एमाले) मा गएका कारणलाई पनि लिन सकिन्छ । अर्कोतिर नेकपा (एस) को मारलाई पनि लिन सकिन्छ ।

अन्यतिर कम्युनिष्टकै भोटकाटेर रास्वपाको भोट आएको देखिन्छ । तराईमा जनमत पार्टीले ल्याएको मत पनि केही माओवादीको मत काटिएको देखिन्छ । यसरी निर्वाचनमा घटबढ भइरहन्छ । अर्कोतिर एमाले ८० सिटबाट ४० जतिमा झरेको छ । यो एउटा निकै ठूलो उपलब्धि हो । नेपाली काँग्रेसको सिट बढ्नु भनेको काँग्रेसको पनि आफ्नै संगठन छ नि ! यस्तै जसपा र लोसपाको पनि आफ्ना सिटमा पचास प्रतिशत घटेको देखिन्छ । तराईमा नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी जस्ता पार्टीहरूले पनि केही सिट काटेका छन् । गत निर्वाचनमा बामपन्थीहरूका संगठित भोट नेकपा (एमाले) तथा नेकपा (माके) मा परेको थियो । यस पालि बामपन्थीहरू टुक्रा-टुक्रा भएर निर्वाचनमा गएपछि सिट कट्नु स्वभाविकै हुने देखिन्छ ।

हिजो आजको निर्वाचन परिणामलाई समिक्षा नगरिकन यदि कसैले असन्तुष्ट भएर बस्छ भने उसले आफै आफ्नो घाटा बेहोर्ने छ । त्यसैले अब अगाडिको बाटो के हुन सक्छ ? त्यतातिर सोच्नु पर्ने बेला आएको छ । जनता सार्वभौम हुन्छ । जनताको असन्तुष्टितिर पनि हेर्नु पर्छ । जनता त आफ्ना मतले देखाइ दिएका छन् कि यस देशको लागि ओली होइन गठबन्धन नै चाहिन्छ ।

यदि जनताको आदेशलाई अपहेलना गर्ने हो भने भोलि अझै बदर हालत बेहोर्नु पर्ने हुन सक्छ । यो चुनाव त अग्रगामी तथा प्रतिगामी बीचको लडाइ थियो । यहाँ प्रश्न उठ्छ, के यो लडाइ सकियो त ! यदि सकिएको छैन भने अझै बलियो भएर लड्नुको बिकल्प रहेको छैन । धेरै दिन पछिको लडाइ तथा मिहिनेत पछि नेपाली जनताको हातमा यस्तो संविधान आएको छ । यस संविधानलाई बर्खास्त गरिए भने भोलि फेरि देश अस्थिरतातिर जानेमा कुनै शङ्का छैन । त्यसैले पार्टीहरू बडो सूझबुझका साथ अगाडि बढ्नु आजको माँग हो । यदि यस्तो गरिएन भने भोलि फेरि पछ्नाउनु सिबाए अरू केही हुने छैन ।

निष्कर्षमा के भन्न सकिन्छ भने जनताको सार्वभौमिकतालाई स्वीकार गरी जहाँ जो स्थानमा तपाईंलाई राखेका छन् त्यसलाई निर्धक्क स्वीकार गरी अगाडि बढ्नु पर्छ । जनताले नै एक चोटी शीर्ष स्थानमा पुऱ्याएर आज किन अलिकति पछि छोडेका छन् । त्यसको समिक्षा आ-आफ्नै पार्टीभित्र गर्नु पर्ने देखिन्छ । आ-आफ्ना कमजोरी पत्ता लगाइ कसरी त्यसबाट उन्मुक्ति पाउन सकिन्छ त्यतातिर आ-आफ्ना सोचलाई बढाउनु पर्ने देखिन्छ । अहिले पनि ओली तपाईंहरूलाई लोभ दिन पछि पर्ने देखिँदैनन् ।

यस्ता लोभमा पर्नु भनेको देशका लागि एउटा अस्थिर सरकार दिनु सिबाय अरू केही हुने छैन । यसपछि भोलिको बाटो त्यति सजिलो हुने छैन । जनता गठबन्धनको सरकारलाई नै अनुमोदन गरेका छन् । यसलाई तपाईं गठबन्धनका पार्टीहरू सहर्ष स्वीकार गरी प्रतिगामीहरूलाई किनारा लगाउन अगाडि बढ्नुस् । जनता तपाईंहरूका साथ छन् । समयको अन्तरालमा यस्ता साना तिना समस्या आइरहन्छन् । त्यसलाई साहसका साथ चिर्नु नै बहादुरी हो । अस्तु ।

> ***हिजो आजको निर्वाचन परिणामलाई समिक्षा नगरिकन यदि कसैले असन्तुष्ट भएर बस्छ भने उसले आफै आफ्नो घाटा बेहोर्ने छ । त्यसैले अब अगाडिको बाटो के हुन सक्छ ? त्यतातिर सोच्नु पर्ने बेला आएको छ । जनता सार्वभौम हुन्छ । जनताको असन्तुष्टितिर पनि हेर्नु पर्छ । जनता त आफ्ना मतले देखाइ दिएका छन् कि यस देशको लागि ओली होइन गठबन्धन नै चाहिन्छ । यदि जनताको आदेशलाई अपहेलना गर्ने हो भने भोलि अझै बदर हालत बेहोर्नु पर्ने हुन सक्छ । यो चुनाव त अग्रगामी तथा प्रतिगामी बीचको लडाइ थियो । यहाँ प्रश्न उठ्छ, के यो लडाइ सकियो त ! यदि सकिएको छैन भने अझै बलियो भएर लड्नुको बिकल्प रहेको छैन । धेरै दिन पछिको लडाइ तथा मिहिनेत पछि नेपाली जनताको हातमा यस्तो संविधान आएको छ । यस संविधानलाई बर्खास्त गरिए भने भोलि फेरि देश अस्थिरतातिर जानेमा कुनै शक्ता छैन ।***

# प्रतिरक्षा प्रणालीलाई वायु प्रदूषणले खत्तम पार्ने पत्ता लाग्यो

**स्वतन्त्र समाचार सेवा**

आजभोलि उमेर बढ्दै गएका मानिसलाई श्वासप्रश्वाससम्बन्धी रोगहरूको किन धेरै च्याप्न थालेको छ? किन बुढेसकालमा मानिस श्वासप्रश्वास बढी संवेदनशील हुन्छ?

किनकी उमेर बढेपछि उनीहरूको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ। सामान्यतया, धेरैजसोले वृद्धवृद्धाहरूमा घट्दै गएको प्रतिरक्षा प्रणाली (इम्युन सिष्टम) का लागि बढ्दो उमेरलाई जिम्मेवार मान्छन्। तर एक नयाँ अध्ययनले यो सबैको पछाडिको कारक तत्त्व वायु प्रदूषण भएको देखाएको छ। दशकौँसम्म वायु प्रदूषणमा मानिसको रोग प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँदै लाने खुलासा उक्त अध्ययनले गरेको छ।

कोलम्बिया विश्वविद्यालयका वैज्ञानिकहरूले गरेको त्यो अध्ययनले मानिसलाई उमेर बढ्दै जाँदा श्वासप्रश्वाससम्बन्धी रोगको जोखिमका लागि दशकौँदेखिको वायु प्रदूषणका बस्नुलाई मानेको छ। नेचर मेडिसिन जर्नलमा प्रकाशित भएको अध्ययनको निष्कर्षका अनुसार दशकौँदेखि प्रदूषित हावामा श्वास फेर्दा त्यसले हाम्रो प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँदै गएको देखाएको छ । अध्ययनका अनुसार श्वासप्रश्वासका क्रममा वायु प्रदूषणका रहेका सूक्ष्म कणहरू दशकौँसम्म फोक्सोसँग जोडिएको लिम्फ नोड्सको प्रतिरक्षा कोशिकाहरूमा जम्मा हुन्छ। जहाँ यी सूक्ष्म कणहरूले श्वासप्रश्वासको संक्रमणसँग लड्ने कोशिकाहरूको क्षमतालाई कमजोर बनाउँछ ।



वृद्धवृद्धाहरू विशेष गरी श्वासप्रश्वासको संक्रमणको जोखिममा छन्। यो तथ्य कोभिड-१९ को महामारीका बेला पनि बाहिर आएको थियो। जब यो महामारीबाट मृत्यु हुनेमा युवाको तुलनामा ७५ वर्षभन्दा माथिका व्यक्तिको संख्या ८० गुणा बढी थियो। साथै, वृद्धवृद्धाहरू इन्फ्लुएन्जा र अन्य फोक्सोको संक्रमणको जोखिममा हुन्छन् । कोलम्बिया विश्वविद्यालयका अन्वेषकहरूले सुरुमा प्रतिरक्षा प्रणालीमा वायु प्रदूषणको प्रभावहरू अध्ययन गरेका थिएनन्। यस सम्बन्धमा अध्ययनका प्रमुख अनुसन्धानकर्ता प्रोफेसर डोना फारबरले भन्नुहुन्छ, 'जब हामीले मानिसको लिम्फ नोड्सलाई हेऱ्यौ, हामी छक्क पर्यौं, किनभने फोक्सोको लिम्फ नोड्स कालो रङको थियो, जीआई ट्र्याक्ट र शरीरका अन्य भागहरू अँध्यारो थिए ।

यो बुझ्नको लागि, शोधकर्ताहरूले युवा मानिसहरूबाट कोषिकाहरू सङ्कलन गरे, जसमा फोक्सोको लिम्फ नोडहरूमा उमेर सम्बन्धित भिन्नताहरू स्पष्ट रूपमा देख्न सकिन्थ्यो। उनीहरूले बालबालिका र किशोरकिशोरीहरूको फोक्सोमा भएको लिम्फ नोड्स खैरझ रङको भएको फेला पारे, जबकि ३० वर्षभन्दा माथिका व्यक्तिहरूबाट लिइएको नमूनाहरूमा लिम्फ नोडहरू पहेंलो कालो थिए, जुन उमेरसँगै अझ कालो हुँदै गयो।

**प्रदूषणका कणको असर**

प्रमुख अनुसन्धानकर्ता प्रोफेसर डोना फारबरका अनुसार जब उहाँको टोलीले ती काला लिम्फ नोडहरू अध्ययन गरे, ती नोडहरू वायु प्रदूषणका कणहरूले भरिएको पत्ता लाग्यो। फोक्सोको लिम्फ नोड्समा पाइने प्रदूषक कणहरू म्याक्रोफेजहरू, प्रतिरक्षा कोशिकाहरूमा रहेको टोलीले फेला पाऱ्यो । यी प्रतिरक्षा कोशिकाहरूले ब्याक्टेरिया, भाइरस, सेलुलर फोहोर र शरीरमा अन्य सम्भावित खतरनाक पदार्थहरूलाई नष्ट गर्दछ। यी कणहरू भएको म्याक्रोफेज कोशिकाहरू विशेष गरी विकृत भएको अनुसन्धानले देखाएको छ । यो अन्य कणहरू लिन र साइटोकिन्स संकेतहरू पठाउन असक्षम थियो। साइटोकाइन संकेतहरू यी प्रतिरक्षा कोशिकाहरू द्वारा पठाइएका 'मद्दत' संकेतहरू हुन्, जसले प्रतिरक्षा प्रणालीका अन्य भागहरूलाई सक्रिय पार्छ। अर्कोतर्फ, प्रदुषणका कणहरू नभएको लिम्फ नोडहरूमा, म्याक्रोफेजहरू अप्रभावित थिए । प्रमुख अनुसन्धानकर्ता प्रोफेसर डोना फारबर भन्नुहुन्छ, 'यी प्रतिरक्षा कोशिकाहरू प्रदूषण कणहरूले अवरुद्ध हुन्छन्, जसका कारण तिनीहरू आवश्यक काम गर्न सक्षम हुँदैनन्। जसले हामीलाई रोगजनकहरूबाट जोगाउन मद्दत गर्छ ।'

प्रोफेसर डोना फारबर भन्नुहुन्छ, 'यद्यपि, फोक्सोको प्रतिरक्षा प्रणालीमा प्रदूषणले कति असर गर्छ भन्ने कुरा हामीलाई अहिलेसम्म पूर्ण रूपमा थाहा छैन। यसले वृद्ध मानिसहरूमा धेरै खतरनाक हदसम्म श्वासप्रश्वास संक्रमण गर्दछ भन्ने स्पष्ट छ। यस्तो अवस्थामा वायु प्रदूषणको रोकथाम धेरै महत्त्वपूर्ण छ । धेरै अनुसन्धान नभएपनि नेपालमा वायु प्रदूषणको समस्याले गम्भीर रुप लिइसकेको छाजाडोको मौसममा त प्रदुषणको मात्रा अत्यधिक हुन्छ। बढ्दो प्रदूषणले विशेषगरी सहरी मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्वारा जारी वायुको गुणस्तर मापदण्डलाई हेर्ने हो भने त हामी नेपाली विषालु हावामा श्वास लिइरहेका छौ ।

# यसरी हुन्छ नयाँ सरकार गठन र संसद् सञ्चालन




काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ। निर्वाचन परिणामसँगै नयाँ सरकार गठन र संसद् सञ्चालनको चर्चा सुरु भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फको एक सय ६५ मध्ये एक सय ६१ स्थानको नतिजा आइसकेको छ।

प्राप्त मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले ५४ स्थानमा जित हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ। यस्तै नेकपा (एमाले) ले ४४, नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजावादी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन् । निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नगारिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक/एक स्थान तथा स्वतन्त्र पाँच जनाले प्रत्यक्षतर्फ जित हासिल गरेका छन्।

यसैगरी प्रतिनिधिसभाको समानुपातिकतर्फ बुधबार दिउँसोसम्म एक करोड ४२ हजार पाँच सय १४ सदर मतमध्ये एमालेले २७ लाख नौ सय चार, कांग्रेसले २५ लाख ५९ हजार ४२, माओवादी केन्द्रले ११ लाख ४५ हजार तीन सय ९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार छ सय ४७, राप्रपाले पाँच लाख ७१ हजार एक सय ६९, जसपाले तीन लाख ९६ हजार आठ सय ३९, जनमत पार्टीले तीन लाख ६० हजार छ सय ६९ र एकीकृत समाजवादीले दुई लाख ८२ हजार आठ सय ८९ मत प्राप्त गरेका छन्।

सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा एक सय ६५ सांसद प्रत्यक्ष र एक सय १० सांसद् समानुपातिक प्रणालीबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभा दुई सय ७५ सदस्यीय हुनेछ भने सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्यीय हुने संविधानमा उल्लेख छ।

निर्वाचन आयोगले यसअघि यही मङ्सिर २२ गतेसम्म निर्वाचनको अन्तिम मतपरिणाम आइसक्ने र त्यसको सम्पूर्ण विवरण राष्ट्रपतिलाई बुझाउने समय निर्धारण गरेको थियो । बाजुरा, स्याङ्जा र दोलखामा निर्वाचन एवं मतगणनामा भएको ढिलाइले अन्तिम मतपरिणाम निर्धारित समयमै आउनेमा आशङ्का छ।

निर्वाचनको मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा दलहरूले नयाँ सरकार गठनका लागि प्रयास थालेका छन् भने सङ्घीय संसद् सचिवालयले पनि नयाँ संसद् सञ्चालनका लागि आवश्यक तयारी थालेको छ । यसैबीच, प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भेट गरी पाँचदलीय सत्ता गठबन्धनकै नयाँ सरकार बनाउने सम्बन्धमा आपसी छलफल सुरु गर्नुभएको छ।

**के छ नयाँ सरकार गठनको संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ। प्रतिनिधिसभाका प्रत्यक्ष एक सय ६५ र समानुपातिक एक सय १० सिटको हालसम्मको मतपरिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ । प्रतिनिधिसभाको कूल दुई सय ७५ सिटमध्ये बहुमत पुऱ्याउन एक सय ३८ सिट ल्याउनुपर्छ।

सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ।

त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ। त्यस्तै उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने संविधानको व्यवस्था छ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ।

**नयाँ संसद् सञ्चालनको तयारी**

संविधानको ९३ मा राष्ट्रपतिले प्रतिनिधिसभाका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ । निर्वाचनको अन्तिम मतपरिणाम प्राप्त हुने समय नजिकिएसँगै सङ्घीय संसद् सचिवालयले संसद् बैठक सञ्चालनका लागि आवश्यक तयारी प्रारम्भ गरेको छ।

प्रतिनिधिसभा निर्वाचनको अन्तिम मतपरिणाम आएसँगै दलहरूले नयाँ सरकार गठनको पहल गर्ने र नयाँ सरकार गठनपछि उक्त सरकारले संसद् बैठकको अधिवेशन आह्वान गर्नेछ। संसद् बैठक बस्नु अगावै प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये ज्येष्ठ सांसदले राष्ट्रपतिबाट शपथ लिनुहुने संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले रासससलाई जानकारी दिनुभयो। ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराएपछि संसद् बैठक प्रारम्भ हुनेछ।

निर्वाचनपछिको पहिलो संसद् बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्नुहुनेछ। संविधानको धारा ९५ को उपधारा (२) मा राष्ट्रपतिले प्रतिनिधिसभाको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ।

प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ।सभामुखरउपसभामुखमध्ये एकजना महिला हुने गरी निर्वाचन गर्नुपर्ने तथा सभामुख र उपसभामुख फरक दलबाट प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ।

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै संसद् बैठक**

यसअघि सिंहदरबार परिसरमा निर्माणाधीन सङ्घीय संसद्को नयाँ भवनमा नयाँ संसद् बैठक बस्ने भनिए पनि निर्धारित समयमै निर्माण सम्पन्न नहुँदा अबको संसद् बैठक हालको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नै बस्नेछ । उक्त नयाँ भवन सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ।

प्रतिनिधिसभाको यस निर्वाचनबाट दलहरू र स्वतन्त्र सांसदको सङ्ख्या बढ्ने देखिएपछि त्यसको व्यवस्थापनको तयारीमा सचिवालय जुटेको छ। थपिने दलहरू र सांसदका लागि सिंहदरबार परिसरमै संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष र बैठककक्ष, सवारी साधन र कर्मचारीलगायत आवश्यक व्यवस्थापनको तयारी थालिसकिएको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो। रासस

# निकटतम प्रतिस्पर्धी भई पराजित महिला उम्मेदवार

काठमाण्डु । यही मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन अन्तर्गत प्रतिनिधिसभाका एक सय ६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजानिक भइसकेको छ । ती मध्ये नौ महिला प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। यसरी निर्वाचित हुनुहुनेमा नेकपा (एमाले) बाट बारा-३ बाट ज्वालाकुमारी साह, धनुषा-३ बाट जुली कुमारी महतो र सुनसरी-३ बाट भगवती चौधरी र कास्की-२ बाट विद्या भट्टराई हुनुहुन्छ।

यसैगरी तेह्रथुम-१ बाट नेपाली कांग्रेसकी सीता गुरुङ, दाङ-२ बाट नेकपा (माओवादी केन्द्र)की रेखा शर्मा ,कैलाली-१ बाट नागरिक उन्मुक्ति पार्टी रञ्जिता श्रेष्ठ, ललितपुर-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीकी डा तोसिमा कार्की र सोही पार्टीकबाट काठमाडौँ-२ बाट सोबिता गौतम निर्वाचित हुनुभएको छ । प्रतिनिधिसभा सदस्य तर्फको निर्वाचनमा निकटतम प्रतिस्पर्धीका रूपमा पराजित हुनेमा १५ महिला उम्मेदवार रहेका छन्। निर्वाचन आयोगका अनुसार प्रदेश १ मा तीन, मधेस प्रदेशमा एक, कर्णाली प्रदेशमा एक, लुम्बिनी प्रदेशमा पाँच, गण्डकीमा एक, बागमती प्रदेशमा एक र सुदूरपश्चिममा तीन निकटतम प्रतिस्पर्धी महिला उम्मेदवार बनेका छन्। पराजित हुने अधिकांश पूर्वसासंद महिला छन्।

**प्रदेश १.**

मोरङ निर्वाचन क्षेत्र नं २ मा नेपाली कांग्रेसकी सुजाता कोइरालाले एमालेका ऋषिकेश पोखरेलसँग एक हजार दुई सय आठ मतले पराजित हुनुभयो। उहाँले ३१ हजार नौ सय ४० मत प्राप्त गर्नुभयो।

सुनसरी १ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी गोमा तामाङ जनता समाजवादी पार्टीका अशोक राईको निकटतम प्रतिस्पर्धी बन्नुभयो । मतगणनाका क्रममा केही समय अग्रता लिनुभएको तामाङले अन्तिम मतपरिणाममा भने चार सय ५३ मतान्तरले राईसँग पराजित हुनुभयो। उहाँले १६ हजार छ सय छ मत ल्याउनुभएको हो। एमालेकी मञ्जुकुमारी चौधरी उदयपुर-१ मा कांग्रेसका डा नारायण खड्कासँग पराजित हुनुभएको छ। डा खड्कासँग दुई हजार तीन सय ७९ मतान्तरले चौधरी पराजित हुनुभएको थियो।

**मधेश प्रदेश**

सिरहा २ मा जसपाका राजकिशोर यादवसँग कांग्रेसकी चित्रलेखा यादव एक हजार एक सय ५० मतान्तरले पराजित हुनुभयो। चित्रलेखाले २३ हजार २८ मत प्राप्त गर्नुभयो।

**कर्णाली प्रदेश**

जुम्ला १ मा माओवादी केन्द्रकी गोमा गौतम (कुँवर) राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीको निकटतम प्रतिस्पर्धी बन्नुभयो। उहाँले ११ हजार नौ सय ५९ मत प्राप्त गर्नुभएको थियो भने शाहीले २२ हजार आठसय १९ मत प्राप्त गर्नुभएको थियो।

**लुम्बिनी प्रदेश**

दाङ-१ मा एमालेकी शान्ता चौधरी नेकपा (एकीकृत समाजवादी) का मेटमणि चौधरीको निकटतम् प्रतिस्पर्धी बन्नुभयो । शान्ताले मेटमणिसँग पाँच हजार ८३ मतान्तरले पराजित हुनुभयो। शान्ताले २१ हजार चार सय ९३ मत प्राप्त गर्नुभएको थियो।

दाङ-३ मा एमालेकी कोमल वली कांग्रेसका दीपक गिरीको निकटतम प्रतिस्पर्धी बन्नुभयो । गिरीले ३६ हजार नौ सय ११ मतसहित निर्वाचित हुनुभयो । गिरीसँग सात हजार आठ सय १९ मतले वली पराजित हुनुभयो। प्यूठान -१ मा राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल एमालेका सूर्यबहादुर थापा क्षेत्रीको निकटतम प्रतिस्पर्धी बन्नुभयो। ४१ हजार एक सय १८ मतले निर्वाचित हुनुभएको थापासँग पाँच हजार तीन सय चार मतान्तरले पौडेल पराजित हुनुभयो। पौडेलले ३५ हजार आठ सय १४ मत प्राप्त गर्नुभएको थियो।

अर्घाखाची-१ मा कांग्रेसकी पुष्पा भुसाल (गौतम) एक हजार सात सय ३० मतले एमालेका टोपबहादुर रायमाझीसँग पराजित हुनुभयो। भुसालले ४० हजार नौ सय ४५ मत प्राप्त गर्नुभएको थियो। गुल्मी -२ मा नेकपा एसकी रामकुमारी झाँक्री एमालेका गोकर्णराज बिष्टसँग दुई हजार ३५ मतान्तरले पराजित हुनुभयो । झाँक्रीले २६ हजार चार सय ४१ मत प्राप्त गर्नुभयो।

**गण्डकी प्रदेश**

बागलुङ-२ मा एमालेकी मञ्जु शर्मा चार हजार छ सय एक मतान्तरले माओवादी केन्द्रका देवेन्द्र पौडेलसँग पराजित हुनुभयो। शर्माले २० हजार एक सय ९३ मत प्राप्त गरी पौडेलको निकटतम प्रतिस्पर्धी बन्नुभयो।

**बागमती प्रदेश**

मकवानपुर-१ मा राप्रपाका दीपकबहादुर सिंह निर्वाचित हुनुभयो । उहाँको निकटतम प्रतिस्पर्धी कांग्रेसकी महालक्ष्मी उपाध्याय (डीना) हुनुभएको थियो। उहाँले दुई हजार तीन सय ८६ मतान्तरले राप्रपाका सिंहसँग पराजित हुनुभयो।

**सुदूरपश्चिम प्रदेश**

कञ्चनपुर-१ मा एमालेका तारा लामा तामाङ निर्वाचित हुनुभयो। उहाँको निकटम प्रतिस्पर्धी माओवादी केन्द्रकी बीना मगर हुनुहुन्थ्यो । पाँच हजार पाँच सय ४३ मतान्तरले पराजित हुनुभएको मगरले १९ हजार चार सय मत प्राप्त गर्नुभयो। कन्चनपुर-३ मा कांग्रेसका रमेश लेखकसँग एमालेकी निरुदेवी पाल १२ हजार ९० मतान्तरले पराजित हुनुभयो । डोटी-१ मा एमालेकी गौरीकुमारी ओली, नेकपा (एस) का प्रेमबहादुर आलेसँग चार हजार दुई सय ६ मतान्तरले पराजित हुनुभयो।

***"गठबन्धनभित्रबाटै सहयोग भएन, आन्तरिक सङ्गठनहरू बलियो भएन। मलाई गठबन्धनका सबै दलबाट भोट प्राप्त भएन।" सोही पार्टीकी यादवले भन्नुभयो "गठबन्धनभित्रका साथीहरूबाट नै मत पाइनँ। हामीले सुरुमा आङ्कलन गरेको गठबन्धनको मतले मेरो जित सुनिश्चित थियो। मैले उहाँहरूलाई विश्वास गरे। अन्तिममा भित्रबाटै धोका भयो।"***

**'आन्तरिक सङ्गठनहरू बलियो भएन'**

एमालेकी गौरीकुमारी ओली भन्नुहुन्छ, " मैले जति मत पाएकी छु त्यो जनताले स्वस्फूर्त दिएको मत हो । म उहाँहरूको मनमा बस्न सफल भएको छु।" सोही पार्टी एमालेकी कमल वली मतदाता शिक्षाका अभावमा बदरमतको कारण पनि आफ्नो मत काटिएको बताउनुहुन्छ। पराजित भएपछि निर्वाचन समीक्षा गर्दै एमालेकी पाल भन्नुहुन्छ, "मेरो हारको मुख्य चुनौती गठबन्धन बन्यो।"

गठबन्धनकातर्फबाट कांग्रेसकी पराजित कोइराला भन्नुहुन्छ, "गठबन्धनभित्रबाटै सहयोग भएन, आन्तरिक सङ्गठनहरू बलियो भएन। मलाई गठबन्धनका सबै दलबाट भोट प्राप्त भएन।" सोही पार्टीकी यादवले भन्नुभयो "गठबन्धनभित्रका साथीहरूबाट नै मत पाइनँ। हामीले सुरुमा आङ्कलन गरेको गठबन्धनको मतले मेरो जित सुनिश्चित थियो।

मैले उहाँहरूलाई विश्वास गरे। अन्तिममा भित्रबाटै धोका भयो।" राष्ट्रिय स्वतन्त्र पार्टीका तामाङ निर्वाचनमा पहिलोपटक उम्मेदवार हुँदा जनताले विश्वास गरेर आफूलाई दिएको मत महत्वपूर्ण रहेको बताउनुभयो ।रासस

# समानुपातिकतर्फ एक करोड मतगणना

काठमाण्डु । प्रतिनिधिसभा सदस्यको समानुपातिक प्रणालीतर्फ हालसम्म एक करोड ४२ हजार नौ सय ३२ मतगणना भएको छ।

निर्वाचनका लागि कूल मतदाता एक करोड ७९ लाख आठ हजार आठ सय ५० रहेका थिए । प्रारम्भिक विवरणमा ६१ प्रतिशत (एक करोड नौ लाख ७३ हजार २७) मत खसेकामा अब करिब नौ लाख मतगणना बाँकी रहेको देखिएको छ। निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार उक्त प्रणालीतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले निरन्तर अग्रता लिइरहेको छ। हालसम्म उक्त दलले २७ लाख एक हजार ७२ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले २५ लाख ५९ हजार एक सय ७१ मतसहित दोस्रो स्थानमा रहेको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले ११ लाख ४५ हजार चार सय ४२, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार छ सय ६३, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ७१ हजार एक सय ७५, जनता समाजवादी पार्टी नेपालले तीन लाख ९६ हजार आठ सय ३९ र जनमत पार्टीले तीन लाख ६० हजार छ सय ६९ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ एक सय ६५ क्षेत्रमध्ये एक सय ६१ क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ। सुनसरी क्षेत्र नं ४, स्याङ्जा क्षेत्र नं २, दोलखा र बाजुराको परिणाम आइसकेपछि आयोगले 'सेन्ट लग' सूत्रअनुसार दलहरूले बुझाएको अन्तिम बन्द सूचीबाट समानुपातिकमा पाउने स्थान (सङ्ख्या) निर्धारण गर्नेछ। दोलखाका १० मतदान केन्द्रमा यही मङ्सिर १५ गते पुनः मतदान हुँदैछ भने स्याङ्जा र बाजुराको मतदानमा भएको विवादबारे चाँडै निकास दिइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।रासस

# मङ्सिर २७ सम्म मेलम्चीको पानी काठमाडौँमा : मन्त्री चौधरी

सिन्धुपाल्ञ्चोक।खानेपानीमन्त्री उमाकान्त चौधरीले यही मङ्सिर २७ गतेसम्ममा मेलम्चीको पानी वितरण गरिने बताउनुभएको छ । वुधवार मेलम्ची खानेपानी आयोजनाको कार्यप्रगती बुझ्न मुहानस्थल अम्बाथान पुग्नुभएका मन्त्री चौधरीले २७ गतेभित्र काठमाडौँमा पानी वितरण सुरु गरिने बताउनुभएको हो।

गत जेठ दोस्रो सातादेखि बन्द गरिएको मेलम्चीमा गएको सोमबारदेखि सुरुङमा पानी हाल्न थालिएको छ । पानी सुरुङमा हालेको करिब १० देखि १२ दिनपछि काठमाडौं पुग्ने मेलम्ची खानेपानी आयोजनाका साइड डिभिजनल इञ्जिनीयर पदमबहादुर कुँवरले जानकारी दिनुभयो। मेलम्ची खानेपानीको हेडबक्स बाँधस्थल हेलम्बु पुगेर मन्त्री चौधरीले अब दिर्घकालीन रुपमै पानी पथान्तरणका लागि कार्ययोजना बनाइएको जानकारी दिनुभयो।

उहाँले विभिन्न अध्ययन र प्रतिवेदनअनुसार सरकारले काम सुरु गर्ने बताउनुभयो । सुरुङको १ नम्बर गेटको अवलोकन गर्दै मन्त्री चौधरीले समयमै ढोका बन्द गरेका कारण क्षति नभएको बताउनुभयो । उहाँले थप क्षति नहोस् भनेर अपनाइएको सावधानीका कारण अहिले छिट्टै मेलम्चीको पानी पुनः सुरुङमा हाल्न सफल भएकामा खुसी पनि व्यक्त गर्नुभयो। निरीक्षणका क्रममा खानेपानी सचिव मणिराम गेलालले योजनाअनुसार नै काम भइरहेकाले समयमै अर्थात् मङ्सिर २७ गतेभित्रै मेलम्चीको पानी वितरण गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले माथिको जलाधार संरक्षण र बाढीपहिरो नियन्त्रणका लागि कार्ययोजना बनाएर स्थायी रूपमा नै समस्या समाधान गरिने जनाउँदै त्यसका लागि पनि काम सुरु भइरहेको बताउनुभयो । अहिलेसम्म सुरुङ निर्माण र अन्य संरचना निर्माण गरेर रु ३४ अर्ब खर्च गरेको सरकारले अब करिब रु ३१ करोड खर्च गर्ने हो भने बाह्रैमहिना पानी लैजान सकिने सचिव गेलालले बताउनुभयो।

निरीक्षणका क्रममा आयोजनाका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले स्थानीयको समस्या समाधान गरेर पानी लैजाने विषयमा आयोजना सकारात्मक रहेको बताउनुभयो । उहाँले हेलम्बु गाउँपालिकालगायत स्थानीय तहले राखेका माग र यहाँका समस्या समाधानका लागि आयोजनाले काम गरिरहेको जानकारी दिनुभयो। निर्देशक श्रेष्ठले बाढीले क्षति पुऱ्याएका संरचना पुनःनिर्माण, यहाँका सडक स्तरोन्नति लगायतका समस्या समधान गर्न स्थानीयप्रभावित र सरोकारवालासँग निरन्तर छलफल र परामर्श भइरहेको पनि बताउनुभयो ।रासस

***निर्देशक श्रेष्ठले बाढीले क्षति पुऱ्याएका संरचना पुनःनिर्माण, यहाँका सडक स्तरोन्नति लगायतका समस्या समधान गर्न स्थानीय प्रभावित र सरोकारवालासँग निरन्तर छलफल र परामर्श भइरहेको पनि बताउनुभयो।***


मधेश प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

जनकपुरधाम, धनुषा, नेपाल

**अवधारणापत्र आव्हानको सूचना**

प्रकाशित मितिः २०७९/०८/१५

मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संचालन भैरहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Programme – PLGSP) अन्तर्गत चालु आ.व. २०७९/०८० मा नव-प्रवर्तन साझेदारी सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक मधेश प्रदेश भित्रका स्थानीय तहहरुले आवश्यक कागजात संलग्न राखी नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित मितिले १५ दिनभित्र तपसिल बमोजिमको ठेगानामा रितपूर्वकको अवधारणापत्र खामबन्दी रुपमा पेश गर्नुका साथै नवप्रवर्तन साझेदारी कोष प्रणाली https://ipf.plgsp.gov.np/ मा समेत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको वेबसाइट www.ocmcm.p2.gov.np बाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ प्राप्त गर्न सकिनेछ।

**अवधारणापत्र पेश गर्ने ठेगानाः**

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPIU)

जनकपुरधाम, धनुषा, नेपाल

ईमेलः ppiu.p2@plgsp.gov.np , फोनः०४१-५९१७३३

अनलाइन अवधारणापत्र पेश गर्ने ठेगानाः नवप्रवर्तन साझेदारी कोष प्रणाली https://ipf.plgsp.gov.np/



**श्री धर्म संस्था**

(रामस्वरुप साह, रामसागर साह)

मिल्स एरिया , जनकपुरधाम -१

**भू बहालभाडाको लागी खुल्ला बोलपत्र आव्हान सम्बन्धमा**

प्रथम पटक प्रकाशित मितिः- २०७९/०६/०७

दोश्रो पटक प्रकाशित मितिः- २०७९/०८/१३

प्रस्तुत विषयमा यस श्री धर्म संस्थाको जनकपुरधाममा रहेका जग्गाहरु भाडामा दिने भएको हुनाले इच्छुक व्यक्तिहरुले सस्थाको लेखाशाखाबाट नगदी टेण्डर फाराम लिई यो सूचना प्रकाशित भएकोमितिले (१५) पन्ध्र दिन भित्र कार्यालय खुलेका दिन श्री धर्म संस्था मिल्स एरिया, जनकपुरधाम-१, स्थित मुख्य कार्यालयमा आईपुग्न यो बोलपत्र आह्वान गरिएको छ।

**शर्तहरू**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालयबाट सःशुल्क लिन सकिनेछ।
२. ठेक्का बन्दोबस्त सबभन्दा बढी रकम कबोल गर्ने लाई दिइनेछ।
३. जनकपुरधामको वार्ड न. २,४,८,९,१३ र १४ को जमिनमात्रै भाडामा दिइनेछ।
४. फाराममा केर मेट भएको पाइएमा सो फारामले मान्यता पाउने छैन।
५. भू बहालमा लाग्ने जग्गाको विवरण यस संस्थाको कार्यालयको जग्गाफाँटबाट प्राप्त गर्न सकिनेछ।
६. यस श्री धर्म सस्थाले निर्धारण गरेको रकम यस प्रकारका छन्।
   क) मुख्य राजमार्गमा रु २,४०,००० (दुई लाख चालिस हजार मात्र) प्रतिवर्ष प्रतिकठ्ठा
   ख) राजमार्ग छुने गरी रु २,००,००० (दुई लाख मात्र) प्रतिवर्ष प्रतिकठ्ठा
   ग) शाखाबाटोमा रु १,५०,००० (एक लाख पचास हजार मात्र) प्रतिवर्ष प्रतिकठ्ठा

*थपजानकारी को लागि यस श्री धर्म सस्थाको जग्गाफाँट शाखामा सर्म्पक गर्नु पर्नेछ।*

सचिव



श्राद्ध, तिथि, विवाह, व्रतबन्ध र पूजालगायत विभिन्न चाडपर्वमा आवश्यक पर्ने दुना टपरी बनाउँदै विराटनगर-११ जनपथ टोलका महिला । *तस्बिर : रासस*

# माया खोला हाइड्रोपावरको आइपिओ आउँदै

काठमाण्डु । माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडले स्थानीय तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि साधारण शेयरको बिक्री खुला गर्ने भएको छ ।

कम्पनीले पहिलो चरणमा यही मङ्सिर २३ गतेदेखि प्रतिकित्ता रु एक सय अङ्कित दरमा १२ लाख ४० हजार कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ)को निष्कासन तथा बिक्री खुला गर्ने भएको हो ।

कम्पनीले आफ्नो जारी पूँजी रु एक अर्बको ३४ प्रतिशतले हुने ३४ करोड मूल्य बराबरको कूल ३४ लाख कित्ता साधारण शेयरमध्ये आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि कूल १० लाख कित्ता शेयर छुट्याएको छ ।

त्यस्तै सर्वसाधारणमा निष्कासन गरिने शेयरको १० प्रतिशत अर्थात् दुई लाख ४० हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गर्न लागिएको कम्पनीले जनाएको छ ।

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीयलाई निष्कासन गर्ने शेयरमध्ये ६० प्रतिशत अर्थात् छ लाख कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र सङ्खुवसभाको चैनपुर नगरपालिका-८ र ९, धर्मदेवी नपा-३, ४ र ५ तथा मादी नपा-४ र ६ का बासिन्दाका लागि छुट्याइएको छ । त्यस्तै आयोजना अति प्रभावित क्षेत्रबाहेक सङ्खुवासभाको अन्य क्षेत्रमा बसोबास गर्नेका लागि ४० प्रतिशतले हुने चार लाख कित्ता शेयर निष्कासन गरिने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ ।

निष्कासन गरिने शेयरमा आयोजना प्रभावित स्थानीय बासिन्दाले छिटोमा आगामी पुस ८ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे पुस २४ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता खरिदका लागि आवेदन दिन सकिनेछ । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पुस ८ गतेसम्म अधिकतम ५० हजार कित्ता शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् ।

निष्कासन गरिने शेयरमा स्थानीय बासिन्दाले प्राइम कमर्सियल बैंक, नेपाल एसबिआई बैंक, प्रभु बैंक, ग्लोबल आइएमई बैंक तथा हिमालयन बैंकले तोकेका शाखा कार्यालय र आयोजना निर्माण कम्पनीको कार्यालय तथा कम्पनिको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडबाट शेयर खरिदका लागि आवेदन दिन सकिनेछ । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका तोकिएका शाखा कार्यालयबाट 'सी आस्वा' प्रणालीमार्फत शेयर खरिदको आवेदन दिने व्यवस्था मिलाएको छ । कम्पनीलाई इक्रा नेपालले 'इक्राएनपी आइआर बिबिबी माइनस' प्रमाणपत्र प्रदान गरेको छ ।रासस

# 'कालिञ्चोक दर्शन' को आइपिओ खुला

काठमाण्डु । कालिञ्चोक दर्शन लिमिटेडले स्थानीय तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि साधारण शेयरको बिक्री खुला गरेको छ । कम्पनीले पहिलो चरणमा आजदेखि प्रतिकित्ता रु एक सय अङ्कित दरमा दुई लाख २८ हजार कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) को निष्कासन तथा बिक्री खुला गरेको हो ।

कम्पनीले आफ्नो जारी पूँजी रु ६० करोडको दुई प्रतिशत अर्थात् रु एक करोड २० लाख मूल्य बराबरको कुल एक लाख २० हजार कित्ता शेयर आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याएको छ । त्यस्तै जारी पूँजीको १८ प्रतिशत अर्थात् रु १० करोड ८० लाखको १० लाख ८० हजार कित्ता शेयरमध्ये १० प्रतिशतले हुने एक लाख आठ हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरेको कम्पनीले जनाएको छ ।

निष्कासन गरेको शेयरमा आयोजना प्रभावित स्थानीय बासिन्दाले छिटोमा यही मङ्सिर २८ गतेसम्म र सो अवधिमा मागबमोजिम आवेदन नपरे आगामी पुस १४ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम चार हजार नौ सय ९० कित्ता खरिदका लागि आवेदन दिन सक्ने कम्पनीले सार्वजनिक गरेको आह्वानपत्रमा उल्लेख छ । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले मङ्सिर २८ गतेसम्म अधिकतम १० हजार आठ सय कित्ता शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् ।

लगानीकर्ताले मेगा बैंक तथा सेञ्चुरी बैंकले तोकेका शाखा कार्यालय र कम्पनीको कार्यालय तथा कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडको कार्यालयबाट शेयर खरिदका लागि आवेदन दिन सक्ने छन् ।रासस

# गाई र भैँसीपालनबाट मासिक १० लाख आम्दानी

काठमाण्डु । मेहनत र लगनशील भएर जुनसुकै व्यवसाय अँगाले सफल भइन्छ भन्ने राम्रै उदाहरण बन्नुभएको छ रामकोटका भैँसीपालन व्यवसाय सञ्चालन गर्दै आउनुभएका गोरखाका इन्जिनियर कुमार लामिछाने ।

नागार्जुन नगरपालिका-६ रामकोट डाँडापौवामा गोरखा सिरानचोक गाउँपालिका-७ खहरेका लामिछानेले गाई र भैँसीपालन गरेर मासिक रु १० लाख आम्दानी गर्दै आउनुभएको हो ।

पेसाले सिभिल इन्जिनियर लामिछानेले विसं २०७७ जेठमा क्षितिज एकीकृत कृषि फार्म प्रालिको स्थापना गरी गाई र भैँसीपालन गर्दै आउनुभएको छ ।

लामिछानेले रु १५ करोड लगानीमा सुरुको समयमा ३० भैँसीबाट आफ्नो व्यवसाय सुरुआत गर्नुभएको हो । अहिले उहाँको गोठमा एक सय ५० भैँसी र ७० गाई छन् । बीचको समयमा उहाँले तीन सयसम्म भैँसीपालन गरे पनि अहिले धेरै



भैँसी बिक्रीवितरण गरेर गाईसमेत पालन सुरु गर्नुभएको छ ।

विसं २०७२ देखि सिभिल इन्जिनियर पेसा अँगाल्नुभएका लामिछानेकी श्रीमती सङ्गीता पनि इन्जिनियर नै हुनुहुन्छ । "सुरुमा म इन्जिनियर भएका कारण कन्स्ट्रक्सनको काम मात्र गर्थें, विगत तीन वर्षदेखि इन्जिनियर पेसासँगै भैँसी र गाईपालन व्यवसाय सुरु गरेको हुँ, यस व्यवसायबाट राम्रै आम्दानी भएको छ", लामिछाने भन्नुहुन्छ ।

उहाँको गोठबाट हाल दैनिक एक हजार लिटर दूध उत्पादन हुन्छ । उत्पादन भएको दूधमध्ये पाँच सय लिटर काठमाडौँका विभिन्न दूध डेरीमा पठाउने र बाँकी पाँच सय लिटर दूध व्यक्तिको घर-घरमा पुऱ्याउने गरेको उहाँले सुनाउनुभयो । लामिछानेका अनुसार हाल भैँसीको दूधको मूल्य प्रतिलिटर रु एक सय ५० र गाईको दूधको मूल्य प्रतिलिटर एक सय १० रहेको छ । उहाँको फार्ममा हाल २० कर्मचारी कार्यरत छन् ।

दूध बिक्रीबाट मासिक रु ३० देखि ३५ लाख आम्दानी हुँदै आए पनि खर्च कटाएर रु १० लाख बचत हुने गरेको उहाँले बताउनुभयो । गाई र भैँसीलाई उहाँहरूले पराल र दाना खुवाउँदै आउनुभएको छ । गाई र भैँसीको मलसमेत उहाँले बिक्री गर्नुहुन्छ ।

लामिछानेले काठमाडौँमा गाईपालन र भैँसीपालनबाट राम्रो आम्दानी गर्न थालेपछि गृहजिल्ला गोरखामा समेत उक्त फार्मको शाखा विस्तार गर्नुभएको छ । उहाँले गोरखाको सिरानचोक-७ खहरेमा ५० भैँसी र ५० बाख्रापालन गर्नुभएको छ । यस्तै सोही ठाउँमा दुई सय रोपनी क्षेत्रफलमा तरकारी खेतीसमेत गरिएको छ । गोरखामा भने चारजनालाई रोजगारी दिएको उहाँले बताउनुभयो ।रासस

# धान-गहुँ फल्ने खेतमा अब बेसारखेती

तुलसीपुर । कुनै समय धानका बाला झुल्थे । गहुँ उत्पादन पनि उस्तै हुन्थ्यो । तर अहिले ती खेतमा बेसार फलिरहेको छ ।

तुलसीपुर-७ मिलनचोकका कुमार भण्डारीले पहिले-पहिले खेतमा धान, गहुँखेती गर्नुहुन्थ्यो । तर अहिले उहाँले बेसारखेती गर्नुभएको छ । यस्तै सोही ठाउँका ताराबहादुर अधिकारीले पनि गहुँभन्दा बेसारबाट नै आम्दानी हुन थालेपछि आफ्नो चार बिघा खेतमा बेसारखेती गर्नुभएको छ । उहाँहरूमात्रै होइन दाङमै बेसार उद्योग खुलेपछि धेरै किसान बेसारखेतीमा आकर्षित भएका छन् ।



तुलसीपुर-७ मिलनचोकमा बिटी ब्राण्डको नेपाल मसला उद्योग सञ्चालनमा आएपछि किसान बेसारखेतीमा आकर्षित भएका हुन् । "पहिले धान, गहुँ लगाउँथ्यौँ, कहिलेकाहीँ तरकारी पनि लगाउथ्यौँ", कृषक अधिकारीले भन्नुभयो, "तर त्यो उत्पादन बजारीकरण हुन सक्दैनथ्यो, तरकारीबाट पनि त्यति आम्दानी लिन नसकेपछि बेसार नै लगाउन थालेका हौँ ।" त्यो उद्योगले किसानलाई बेसार उत्पादन गर्न प्रोत्साहनस्वरुप तालिम पनि प्रदान गऱ्यो र बीउ पनि उपलब्ध गराएपछि किसानले बेसारखेती गर्न थालेका हुन् ।

उत्पादित सबै बेसारलाई त्यही उद्योगले खरिद गर्छ र प्रशोधन गरेर बजारमा बिक्री गर्ने गरेको छ । काँचो बेसार प्रतिकिलो रु ४० मा खरिद गर्ने गरेको छ । अधिकारीले मात्रै चार बिघा जग्गामा वार्षिक छ मेट्रिक टन जति बेसार उत्पादन गरेर उद्योगलाई उपलब्ध गराउने गर्नुभएको छ । अधिकारी र भण्डारीजस्तै तुलसीपुरका एक सय २० किसानले अहिले बेसारखेती गर्ने गरेका छन् । ती सबै नेपाल मसला उद्योगले खरिद गरेर प्रशोधनपछि बजारीकरण गर्ने गरेको छ ।

यसरी बेसार खरिद गरेर बजारीकरण गरिदिएपछि आफूहरूलाई घर चलाउन सहज भएको भण्डारीले बताउनुभयो । "हामीलाई अहिले बेसारखेती गरेर घर चलाउन सहज भएको छ", उहाँले भन्नुभयो । तुलसीपुरको मोतीपुर, अम्बापुर, अम्वासलगायतका किसानले यसरी खेती गर्ने गरेका छन् ।

उद्योगले बेसारलाई प्रशोधन गरेर धुलो बनाई ३२ जिल्लामा पुऱ्याउने गरेको उद्योगका सञ्चालक जगदीश भण्डारीले बताउनुभयो । "किसानले उत्पादन गरेको वस्तु बजारमा नपुग्ने र खेतमै कुहिने अवस्था थियो", उहाँले भन्नुभयो, "यसैलाई मध्यनजर गरी हामीले यो उद्योग सञ्चालनमा ल्याएका हौँ, यसले किसानको जीवनस्तर पनि माथि उठाएको छ ।"

विसं २०७३ मा स्थापना भएको उक्त उद्योग सुरुआतमा रु एक करोड २५ लाख खर्च भए पनि अहिलेसम्म करिब डेढ करोड लगानी भइसकेको उहाँको भनाइ छ । जिल्लामा बेसारखेती नहुने र बेसार बाहिरबाट आयात गर्नुपर्ने अवस्थालाई अन्त्य गर्न पनि उद्योग सञ्चालनमा ल्याएको उहाँको भनाइ छ ।

"बेसारमा रोग प्रतिरोधात्मक शक्ति पनि हुन्छ, पौष्टिक कुरा पनि हुन्छ", उहाँले भन्नभयो, "त्यसैले पनि बेसारलाई जिल्लामा उत्पादन गर्नुपर्छ भन्ने हेतुले कृषकलाई प्रोत्साहन गऱ्यौँ भने बजारीकरणका लागि हामीले उद्योग सञ्चालनमा ल्यायौँ ।" अहिले उद्योग बजारीकरणका लागि चार र उद्योगमा काम गर्न अन्य १० कर्मचारीले काम गरिरहेको उहाँको भनाइ छ ।

बेसार उद्योगबाट वार्षिक रु चार करोडसम्मको कारोबार हुने गरेको छ । जसबाट पाँचदेखि सात प्रतिशत फाइदा हुने गरेको उहाँ बताउनुहुन्छ । अहिले वार्षिक तीन सय मेट्रिक टन बेसारलाई प्रशोधन गर्ने गरिएको भए पनि यसलाई बढाएर करिब एक हजार मेट्रिक टन उत्पादन गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । "अहिले धेरै जिल्लामा माग भइ पनि आएको छ", उहाँले भन्नुभयो, "त्यसैले उत्पादन र प्रशोधन पनि त्यत्तिकै बढाउनुपर्ने अबस्था छ ।"

अहिले तुलसीपुरमा मात्रै २० बिघाको हाराहारीमा बेसारखेती हुने गरेको छ । उद्योगले बेसारसँगै चिल्ली पाउडर, अदुवा पाउडर, मरिच पाउडर, सिस्नो पाउडर, मासु मसला, गरम मसलालगायत गरी ४२ थरि मसलासमेत उत्पादन हुने गरेको छ । अब केही समयमा रामपुर कम्पोजिट मकै तथा तोरीको बीउ उत्पादन गर्नेसमेत उहाँले बताउनुभयो ।रासस

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय लोहारपट्टी, महोत्तरीको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा लोहारपट्टी, महोत्तरी**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोपराईटरको नाम/क(म्पनी तथा संचालकहरुको नाम) | ठेगाना | | ग्राहकको पिता /पतिको नाम | बाजे/ससूराको नाम | उदेश्य | सांवा रकम रु. | मिति २०७९।७ मसान्त सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमा(नत बस्नेको नाम | आई.डि.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चन्द्रशेषर यादव | भंगहा | ९ | दिगपाल यादव | साधे यादव | स.कृषि कर्जा | ५००००० | २६००० | ५२६००० | | १२१४६९८ |
| २ | राधेरमण यादव | भंगहा | ९ | रामसेवक यादव | रुदल यादव | स.कृषि कर्जा | ७००००० | ४९००० | ७४९००० | | ९४९३१६ |
| ३ | वडावावु यादव | लोहारपट्टी | १ | राम चन्द्र यादव | सिताराम यादव | स.कृषि कर्जा | ३५०००० | २१८०० | ३७१८०० | | ९४९२७५ |
| ४ | देवेन्द्र यादव | लोहारपट्टी | १ | राममनिज यादव | अनुप यादव | वे.वि. | ३००००० | १७७०० | ३१७७०० | | ९४८९०५ |
| ५ | रामसिला देवी | भंगहा | ६ | रामजी यादव | देवलाल यादव | स.कृषि कर्जा | ४००००० | ४६००० | ४४६००० | | १३२९२९६ |
| ६ | मोहन किशोर यादव | भंगहा | २ | जागेश्वर यादव | मुनर यादव | स.कृषि कर्जा | २००००० | १२३०० | २१२३०० | | ९४८९१६ |
| ७ | सुनिल कुमार मण्डल | लोहारपट्टी | ५ | राममुने मण्डल | वहादुर मण्डल | स.कृषि कर्जा | ९५०००० | ४४८०० | ९९४८०० | | १३०२०६१ |
| ८ | वद्री महतो नुनिया | भंगहा | ६ | पुनित महतो | गिरिज महतो | स.कृषि कर्जा | ३५०००० | ३४१०० | ३८४१०० | | ९४८९५६ |
| ९ | चन्द्रशेषर साह तेली | भंगहा | ६ | दिनेश साह | झरी साह | स.कृषि कर्जा | ७००००० | ४३९०० | ७४३९०० | | १५९३८६२ |
| १० | वद्री यादव | भंगहा | ६ | सोन्फी यादव | प्रभु यादव | स.कृषि कर्जा | १०००००० | ५५१०० | १०५५१०० | | ९४९४५६ |
| ११ | देवसुनर यादव | भंगहा | ६ | दिपन यादव | जनक यादव | स.कृषि कर्जा | ३७०००० | २६५०० | ३९६५०० | | १२९४४०६ |
| १२ | ईनर देवी | भंगहा | ६ | गणेश यादव | रामेश्वर यादव | स.कृषि कर्जा | २५०००० | १९५०० | २६९५०० | | १२४८९७९ |
| १३ | रामलखन यादव | भंगहा | ६ | मिठु यादव | अनुप यादव | स.कृषि कर्जा | ५००००० | १०६०० | ५१०६०० | | ९४८८९५ |
| १४ | श्याम सुन्दर मिश्र | लोहारपट्टी | ५ | रामपदारथ मिश्र | जनक मिश्र | स.कृषि कर्जा | २००००० | १४७०० | २१४७०० | | ९४९०२७ |
| १५ | रामजनिया देवी | भंगहा | ७ | स्याम सुन्दर साह | प्रगास साह | स.कृषि कर्जा | ७००००० | १३७०० | ७१३७०० | | ९४९३२७ |
| १६ | विस्वकर्मा ईन्जीनियरिग प्रो.सोजिन्द्र राम | भंगहा | ४ | विकाउ राम | जितन राम | व्यापार | ९००००० | ५५५०० | ९५५५०० | | १६२८७५६ |
| १७ | सुरज ईन्टरप्राइजेज प्रो.रघुनन्दन चौधरी | रामगोपालपुर | ६ | रामजी चौधरी | वासुदेव चौधरी | व्यापार | २५००००० | १३१००० | २६३१००० | | ९४९३५९ |
| १८ | रितु वस्त्रालय प्रो.मुकेश यादव | रामगोपालपुर | ६ | राम चन्द्र यादव | भुटा यादव | व्यापार | १९५०००० | १३५५०० | २०८५५०० | | ९४९१९२ |
| १९ | लक्ष्मण यादव | लोहारपट्टी | ९ | विलास यादव | सुकदेव यादव | स.कृषि कर्जा | ४३०००० | ३४००० | ४६४००० | | १२३७०६१ |
| २० | मिना देवी | भंगहा | ७ | रामवावु चौधरी | रतन चौधरी | स.कृषि कर्जा | ३७०००० | २३५०० | ३९३५०० | | ९४९२२९ |
| | | | | | | जम्मा | १३६२०००० | ८१५२०० | १४४३५२०० | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेस प्रदेश कार्यालय जनकपुर

# निहारिकाको मुद्दा अग्राधिकारमा

**टुडे समाचारदाता**

जनकपुरधाम। उच्च अदालत जनकपुरले निहारिका सिंह राजपुतको मुद्दा अग्राधिकारमा राख्न आदेश दिएको छ। बुधबार बहस नसकिएको हुनाले उनको मुद्दा अग्राधिकारमा राखिएको छ।



अदालतले मंसिर २१ गतेलाई पेसी तोकिएको छ । बुधबार न्यायाधीश भोजराज अधिकारी र डालकुमार खड्काको संयुक्त इजलासले उक्त आदेश दिएका छन् ।

प्रतिवादी शिवराज श्रेष्ठको पक्षबाट बहस नसकिँदै समय सकिएको जाहेरीवलाकी वकिल रिंकु यादवले जानकारी दिइन् । उनका अनुसार दुबैतर्फको बहस सकिए २१ गते नै इजलासबाट फैसला आउन सक्नेछन् ।

निहारिकाको तर्फबाट भने सरकारी वकिल यदुनाथ शर्मा, वरिष्ठ अधिवक्ता मीरा ढुङ्गाना र अधिवक्ता रिंकु यादवले बहस गरका थिए ।

कात्तिक १८ गते निहारिकाका छोरा र प्रतिवादी शिवराज श्रेष्ठको डीएनए ९९.९९९ प्रतिशत ‘ म्याच’ भएको प्रतिवेदन अदालतले प्राप्त गरेको थियो । ‘डीएनए म्याच भएपछि श्रेष्ठको जबर्जस्ती करणीबाट नै राजपुत गर्भवती भइ बच्चा जन्मिएको बहस गरेका छौं,’निहारिकाकी कानून व्यवसायी यादवले भनिन्।

निहारिकाले आफूलाई पेय पदार्थ खुवाएर जबर्जस्ती करणी गरेको भन्दै श्रेष्ठविरुद्ध ०७६ माघ १९ मा जिल्ला अदालत धनुषामा मुद्दा दायर गरेकी थिइन् ।

जिल्ला अदालतले मेडिकल प्रतिवेदनमा निहारिकाले श्रेष्ठ र आफू श्रीमान-श्रीमती भएको बताएकाले जबर्जस्तीकरणी पुष्टि नहुने फैसला गरेको थियो ।

जिल्ला अदालतको फैसलाबाट असंतुष्टि जनाउँदै उनले उच्च अदालतमा मुद्दा दिएकी थिइन्। उनले आफूले अदालतबाट न्याय नपाएको भन्दै राष्ट्रपति भवन, शीतल निवास अगाडि आत्महत्याको प्रयास गरेकी थिइन्।

# विजय उत्सवमा विपक्षीलाई कुटपिट, सात जना घाइते

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरी क्षेत्र नं १ बाट निर्वाचित भएका एमालेका लक्ष्मी महतोको विजय उत्सवमा हिडेका गौशाला २ निगौलका अध्यक्ष श्याम सुन्दर मण्डलको नेतृत्वले विपक्षी दलका सात जना व्यक्तिलाई कुटपिट गरेका छन् ।



मंगलबार राति साँढे ८ बजे वडाध्यक्ष मण्डलको टोलमा लक्ष्मी महतोले जितेको खुशीयालीमा दीप प्रज्वलन गरेका थिए । दीप प्रज्वलन पछि डिजे बजाएर टोल घुम्ने क्रममा एक किराना पसलको अगाडि बसिरहेका कमलेश कुमार मण्डल,वीरेन्द्र मण्डल र राकेश महतोमाथि वडाध्यक्ष मण्डलसहित २०/३० जनाको समूहले आक्रमण गरेको स्थानीयले बताएका छन् । अचानक डिजे लिएर आउनेहरुले आफ्नो पसलमा बसिरहेका मानिसमाथि कुटपिट गरेको र आफूलाई पनि अपमानजनक व्यवहार गरेका किराना पसल संचालक केवला देवीले बताइन् ।

पसलको बाहिर बसिरहेको समयमा अचानक आफूमाथि प्रहार भएको र भागेर बच्न खोज्दा पनि पसलेको घरभित्रै गएर ढोकासमेत फोडि आफूमाथि कुटपिट गरेको घाइते कमलेश कुमार मण्डलले बताए ।

उनको गाला र कानमा चोट लागेको छ । गौशाला २ कै रामछविला साह घटना भएको ठाउँमा हेर्न गएको बेला आफूमाथि आक्रमण भएको बताए । उनको टाउकोमा चोट छ । उपचारका लागि प्राथामिक स्वास्थ्य केन्द्रमा गएका साहमाथि पुनः अस्पतालमा पनि हातपात भएको साहले बताए । उनको टाउकोमा ६ वटा टाका लगाइएको प्राथामिक स्वास्थ्य केन्द्रले जनाएको छ ।

उपचारका लागि अस्पताल गएका घाइतेलाई पुनःत्यही समूहका केही मानिस गएर साँढे ११ बजे राति पुनः हातपात गरेको पीडितहरुले बताएका छन् । प्राथामिक केन्द्रमा उपचाररत घाइतेमाथि मध्यरातमा मानिसहरु आएर कुटपिट गरेका प्राथामिक केन्द्रका स्वास्थ्यकर्मी राजीव साहले जानकारी दिए ।

अस्पतालमा विरामी लिएर गएको समय वडाध्यक्ष नेतृत्वको टोलीले पुनःहातपात गरेको र आफूसंग भएको मोबाइल र ४० हजार पैसा पनि लिएर गएका घाइतेका आफन्त दिनेश कुमार सिंहले बताए ।

भर्खरै सकिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणामको विषयलाई लिएर आफूहरुमाथि हातपात भएको पीडितहरुले बताएका छन् । निर्वाचित महतोको पकेट मत क्षेत्र मानिएको गौशाला २ मा ३२ सय मत खसेको थियो । त्यसमध्ये २५ सय मत महतोलाई खस्नुपर्ने दाबी गरिएको क्षेत्रमा १८ सय मत मात्रै महतोलाई खसेको थियो । विपक्षी गठबन्धनले भोट विगारेको भन्दै गठबन्धनमा सहभागी भएकै आधारमा कुटपिट भएको आरोप पीडितहरुको छ ।

वडाध्यक्ष श्यामसुन्दर मण्डलले आफूहरुको समूहले कुटपिट नगरेको दाबी गरेका छन् । आफ्नो घर अगाडि दीप प्रज्वलनपछि विजय उत्सवमा निस्केको डिजे सहितको टोलीलाई विपक्षीको घर,आँगन नजिक जान नदिनेगरी अवरोध गरेपछि दुबै पक्षबाट हातपात भएको बताए । उनले आफ्नो समूहमा रहेका ३ जना घाइते भएको जानकारी दिए । भोट नदिएको वा गठबन्धनमा सहभागी भएको विषयमा नभइ विपक्षीलेनै विजय उत्सवमा अवरोध गरेको उनको आरोप छ ।

पीडितहरुले प्रहरी र प्रशासनले आफूहरुलाई साथ नदिएकमो बताएका छन् । प्रहरीले भने दुबैतर्फबाट झडप भएको भन्ने प्रारम्भिक अनुसन्धानबाट देखिएकाले अहिले कसैलाई पक्राउ गरिहाल्ने अवस्था नरहको जनाएको छ ।

के विषयमा किन र कसरी कुटपिट भएको भन्ने विषय अहिले अनुसन्धानमै रहेकाले यस विषयमा कसैलाई कारबाही गरिहाल्ने अवस्था नरहेको र मुद्दा र अनुसन्धानपछि दोषीमाथि कारबाही हुने जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रमुख एसपी कृष्ण पंगेनीले बताएका छन् ।

# हत्या प्रकरणमा संलग्नलाई कारबाहीको माग



**रञ्जन यादव**

कलैया । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वविवियु) बाराले चेतन एडी हत्या प्रकरणमा संलग्न व्यक्तिलाई कारबाहीको माग गरेको छ ।

जिल्ला प्रशासन कार्यालय बारामार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराउँदै अनेर स्वविवियुका विद्यार्थी नेताले ३३ वर्षीय एडीको हत्यामा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याएर कारबाही गर्न माग गरेको छ ।

अनेरास्वविवियु बाराका अध्यक्ष सरोज खनालसहितका विद्यार्थीले नेताले बुधवार बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाललाई ध्यानाकर्षणपत्र बुझाउँदै एडी हत्या प्रकरणमा निष्पक्ष छानबिन गर्न सरकारसंग माग गरेका छन् ।

ध्यानाकर्षणपत्रमार्फत अनेर ास्वविवियु बाराले घरमा सुतिरहेको व्यक्तिलाई बाहिर ल्याएर कुटपिट र हत्या गर्दासम्म सरकार मौन रहेको भन्दै अपराधिक गतिविधिको संरक्षण नगर्न आग्रह गरेको छ ।

अनेरास्वविवियुले हत्या प्रकरणमा संलग्न अपराधीलाई तत्काल पक्राउ र कारबाही गर्न माग गरेको छ ।

अनेरास्वविवियु सुदूरपश्चिम विश्वविद्यालयका अध्यक्ष समेत रहेका एडीको मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएको राति हत्या भएको थियो ।

त्रिवेणी नगरपालिका वडा नं.७ स्थित नाटेश्वरी आधारभूत विद्यालय मतदान केन्द्रमा भएको विवादमा भएको कुटपिटबाट गम्भीर घाइते एडीलाई अछामको बयलपाटा अस्पताल लगिएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए ।

ध्यानाकर्षणपत्र बुझाउने क्रममा अनेरास्वविवियुका निर्जल घिमिरे, ईश्वर बस्नेत, संगीता गौतम, पार्वती दाहाललगायतका विद्यार्थी नेताहरुको सहभागिता रहेको थियो।

# सप्तरीमा समानुपातिकतर्फमा जनमत

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा जनमत पार्टी प्रतिनिधिसभा र प्रदेशसभा दुबैमा समानुपातिकतर्फ पहिलो ठूलो दल बनेको छ ।

निर्वाचन कार्यालयका अनुसार सो पार्टीले जिल्लाको ४ वटै प्रतिनिधिसभा र ८ वटै प्रदेशसभाको समानुपातीकतर्फ पहिलो ठूलो दल भइ प्रतिनिधिसभा समानुपातिकतर्फ ८५ हजार ५ सय ९२ मत प्राप्त गरेको छ ।

४८ हजार ३ सय ५० मत प्राप्त गरी जसपा दोश्रो तथा ४१ हजार १ सय ८७ मत प्राप्त गरी नेपाली कांग्रेस तेश्रो दल भएको छ भने नेकपा एमाले २८ हजार २ सय १८ मत ल्याई चौथो स्थानमा रहेका छन्।

जनमत पार्टीले प्रतिनिधिसभा समानुपातिकतर्फ सबभन्दा बढी क्षेत्र नं. २ बाट मत प्राप्त गरेका छन् ।

यस्तै प्रदेशसभातर्फ पनि समानुपातिकमा ८६ हजार ७ सय ७ मत ल्याएको छ ।

प्रदेशसभा समानुपातिकतर्फ जसपाले ४८ हजार २ सय ५ तथा नेपाली कांग्रेसले ३८ हजार ६ सय ६४ मत प्राप्त गरी क्रमशः दोश्रो र तेश्रो स्थान रहेका छन् । यस्तै २५ हजार १ सय ८७ मत ल्याई एमाले चौथो स्थानमा रहेका छन् ।

सप्तरीमा कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेकोमा २ लाख ७९ हजार १ सय २१ मत खसेको थियो । जसमध्ये १७ हजार २२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# धानमा आगजनी, लाखौंको क्षति

**ओम प्रकाश यादव**

गरुडा । रौतहटमा एकजना किसानको दुई बिगहा क्षेत्रफलको धानमा अज्ञात समूहले आगजनी गरेको छ ।



जिल्लाको पश्चिमी भेग स्थित फतुवा विजयपुर नगरपालिका वडा नं २ शीतलपुर निवासी पूर्व सइ रामानन्द यादवको धानको खलिहानमा अज्ञात समूहले आगजनी गरिदिएका छन् ।

खेतबाट काटेर दाइँ गर्न सितलपुर गाउँछेउको खलिहानमा एक ठाउँमा थुपारिएर राखिएको धानमा मंगलवार राति करिव १२ बजे अज्ञात समूहले आगो लगाई दिएका थिए ।

आगजनीबाट धान पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट करिव दुई लाख बराबरको क्षति भएको पीडित यादवले बताएका छन् । घरमा भित्र्याउन राखिएको धानबालीमा कसैले राजनीतिक पूर्वाग्रहका कारण आगलागी गरेको हुनसक्ने पूर्व सई यादवको अनुमान रहेको छ । कसैले व्यक्तिगत रिसिबि साध्न पनि आफ्नो धानमा आगो लगाएको पीडित यादवको भनाइ छ ।

वर्षभरि कडा मिहिनेत गरी खेतमा उब्जाएको धानबाली घरमा भित्र्याउनु अघि नै खरानीमा परिणत भएपछि पीडित परिवार चिन्तित भएका छन् ।

दोषीलाई तत्काल पक्राउ गरी कानूनी कारबाही गर्न र क्षतिपूर्ति दिलाउन पीडित परिवारले सम्बन्धित निकायसंग माग गरेका छन । यस घटनाबारे अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाले जनाएको छ ।

# ह्याट्रिक लगाएर तेजिलो बनेका तेजुलाल

**टुडे समाचारदाता**



राजविराज । कानून निर्माणको सर्वोच्च थलो संसदको सदस्यमा लगातार तेश्रो पटक तेजुलाल चौधरी निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नं.४ मा नेपाली कांग्रेसका नेता ६५ वर्षीय चौधरी जितको ह्याट्रिक लगाउने पहिलो भाग्यमानी नेता बनेका छन् ।

जिल्लामा संसदीय निर्वाचनामा ३ पटक जित निकालेको इतिहास छैन । तर यस पल्ट लगातार तेश्रो जित निकालेर चौधरीले इतिहास रचेका छन् ।

तेश्रो संसदीय यात्रामा उनले यस पटक जसपाका बालकिशोर यादवलाई ५ हजार ५ सय १४ मतान्तरले पराजित गरेका छन् ।

चौधरीले २३ हजार ४ सय ९१ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी रहेका यादवले १७ हजार ९ सय ७७ मत ल्याएका छन् ।

पहिलो पटक चौधरी २०७० सालको संसदीय निर्वाचनमा विजयी भएका थिए । दोश्रो पटक २०७४ सालको निर्वाचनमा पनि उनी यसै क्षेत्रबाट भारी मतले विजयी भएका थिए ।

आफूले यस क्षेत्रको समाज परिवर्तन र नागरिकको सेवामा अविच्छिन्न लागि परेकोले यस्तो परिणामले निरन्तरता पाएको उनको पहिलो प्रतिक्रिया छ ।

हिजो गरेका राम्रा कामलाई हेरेर र गर्न बाँकी अधुरो काम गर्न जनताले आफूलाई पुनः मौका दिएका छन, उनले थपे ।

उनले सत्तारुढ गठबन्धनलाई टुटाउन विभिन्न खाले षडयन्त्र भइरहेको बताउँदै भने गठबन्धन कुनै हालतमा टुटदैन र तोडन पनि हुँदैन ।

उनले अब बन्ने सरकारले लोकतन्त्रको हित, विधिको शासन, संविधानको रक्षा र विकासलाई उच्च प्राथमिक्तामा राखेर अघि बढ्ने विश्वाससमेत व्यक्त गरेका छन् ।

# पुनः मतगणना गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र १ को ‘क’ मा पुनः मतगणना गर्न माग गरिएको छ ।



बुधबार पत्रकार सम्मेलन गरी जनता समाजवादी पार्टी (जसपा) बाट प्रदेशसभा सदस्य पदका उम्मेदवार सुकेश्वर यादवले पुनः मतगणनाको माग गरेका छन् ।

यहाँ निर्वाचन आयोगले नेपाली कांग्रेसका संजय महतोलाई ६ मतले निर्वाचित भएको घोषणा गरिसकेका छन् । पाँच दलीय गठबन्धनका उम्मेदवार महतोले दश हजार ९ सय ५५ र नेकपा एमाले-जसपाको साझा उम्मेदवार रहेका यादवले दश हजार ९ सय ४९ मत ल्याएका थिए ।

गणनामा लापरवाही गरिएको यादवको आरोप छ । ‘मेरो मत गणना गरिरहेको बेला पाँच दलीय गठबन्धनका उम्मेदवारहरुले हो-हल्ला गरेका थिए । त्यस क्रममा उनीहरुले धाँधलीसमेत गरेका थिए,’उनले भने,‘त्यतिबेला नै कर्मचारीहरुले आर्थिक प्रलोभनमा परी गडबड गरेका छन् । खसेको मतभन्दा ६० वटा बढी मतपत्र पनि भेटिएको छ ।’

यी सबै कारणले पुनः मतगणना गर्नुपर्ने उनको माग छ । उनले निर्वाचन आयोगमा यस बारे निवेदन दिएको र उच्च अदालतमा जाने तयारी गरिरहेको बताएका छन् ।

यसअघि धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा पनि पुनः मतगणना गर्न माग गरिएको थियो । यहाँ नेकपा एमालेका उम्मेदवारले मतगणनामा लापरवाही भएको भन्दै पुनः मतगणनाको माग गरेका छन् ।

यहाँ नेपाली कांग्रेसका रामकृष्ण यादव एक सय ५७ मतले विजयी भएका छन् भने उमाशंकर अरगरिया पनि निर्वाचन अधिकृत धर्मअवतार कोइरालालाई कारबाहीको माग गर्दै पुनः मतगणना गर्न पाउँ भन्दै मुद्दा गर्ने तयारीमा छन् ।

# अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले अवैध सामान बरामद गरेका छन्। बुधबार ९ लाख ६७ हजार दुई सय ६५ रुपैयाँको चोरी निकासीको सामान बरामद गरेको हो।



जनकनन्दनी गाउँपालिका १ सीमा नजिक बिक्रीका लागि लगिएको ६ लाख १२ हजार दुई सय ६५ रुपैयाँको मदिरा र विदेह नगरपालिका ६ बाट तीन लाख ५५ हजारको कपडा बरामद गरेका छन्। बरामद भएको सबै सामान जनकपुर भन्सार कार्यालयमा पठाइएको छ । यस विषयमा थप अनुसन्धान भइरहेको छ।

# सडकमै धान राख्दा दुर्घटनाको जोखिम



**टुडे समाचारदाता**

रौतहट । रौतहटका अधिकांश किसानले मुख्य सडकमै धानको भारी थुपारेर राखेका कारण दुर्घटनाको जोखिम बढेको देखिएको छ ।

जिल्लाको ग्रामीण भेगदेखि लिएर शहरी क्षेत्रको समेत सडकमा नै किसानहरुले धान राख्ने गरेका कारण सवारी दुर्घटनाको जोखिम बढेको हो ।

किसानले सडकमै धानको भारी थुपारेर राख्दा जतिबेला पनि दुर्घटना भइ ठूलो मानवीय क्षति हुनसक्ने अवस्था रहेको माधवनारायण नगरपालिका ६ का विन्देश्वर यादवले बताए ।

खासगरी ग्रामीण भेगका सडकमा अहिले किसानहरु धान थ्रेसर लगाउने, बाटोमै धान र पराल थुपार्ने गरेका कारण सवारी साधनमा हिड्डुल गर्न समस्या हुने गरेको यादवले दुखेसो गरे ।

मान्छे र सवारी हिंडने सडकमा धान थ्रेसर लगाउने गरेको कारण बाटो हिँडनेको आँखामा धुँलो परेर हिँड्नेसमेत समस्या हुने गरेको स्थानीयको भनाइ छ ।

जिल्लाको माधवनारायण, गरुडा, गढिमाई, वृन्दावन, कटहरिया लगायत पालिकाको विभिन्न ठाउँको अति व्यस्त हुने सडकमा नै किसानले धानबाली राख्ने गरेका कारण सर्वसाधारणलाई सो बाटो भएर आवतजावत गर्न निकै समस्या भइरहेको देखिएको छ ।

बाटोमै धान र पराल थुपार्ने तथा थ्रेसर लगाउने गरेका कारण दुर्घटनाको जोखिम बढ्ेको भए पनि सम्बन्धित निकायले यस समस्याप्रति कुनै ध्यान नदिएको स्थानीयको गुनासो छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८